अदालतले भर्ने
दर्ता नं.:
दर्ता मितिः

# श्री उच्च अदालत पाटन, वाणिज्य इजलासमा
# मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ अन्तर्गत दायर गरीएको
# पुरक अभियोग पत्र
# २०८३ सालको निर्णय नं. ....

| | |
|---|---|
| नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाडौंका लक्ष्मी प्रपन्न निरौलाको जाहेरीले वादी नेपाल सरकार..........................................................................१ | वादी |

**विरुद्धः**

| | |
|---|---|
| जिल्ला रामेछाप, साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गाउँपालिका वडा नं. १ स्थायी वतन भई हाल जिल्ला भक्तपुर, सुर्यविनायक नगरपालिका वडा नं. ४, दधिकोट बस्ने भक्त बहादुर थापाको नाती, यज्ञ बहादुर थापा र गोमा कुमारी खड्का थापाको छोरा, **राजिव भन्ने कृष्ण हरि थापा** (ना.प्र.प.नं. ६७८७५-२११००४०).........१ | प्रतिवादी |

मुद्दाः **बैंकिङ्ग कसूर**

**मुद्दाको संक्षिप्त तथ्यः**

**१. जाहेरी दरखास्तः**

**क) कृषि विकास बैंक लि. को पत्रहरु तथा नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभागको पत्र जाहेरी दरखास्तः-**

कृषि विकास बैंकको बैंकिङ कार्यालय स्वयम्भुका शा.अ. केदार प्रासाद गौतम र लेखापाल गीता पन्तको पासवर्ड प्रयोग गरी रेमिट्यान्स सम्बन्धी कारोबार गर्दा बैंकिङ प्रणालीभन्दा बाहिर गई अनियमित रुपमा जालसाज समेत गरी सोही शाखा कार्यालयका खातावालाहरु सरोज यादव, रंजित

भट्टराई, नविन गुरुङ र बलराम के.सी.को खातामा बैंकलाई हानी नोक्सानी पु¥याउने बदनियतका अनियमित तरिकाले रकम जम्मा गर्ने र जम्मा भएको रकम ट्रान्सफर गरी रकम झिक्ने गरी बैंकलाई रु.३३,८२,००,५७८/४२ हानी नोक्सानी पु¥याएको भन्ने कृषि विकास बैंक बैंकिङ कार्यालय स्वयम्भु र मुख्य कार्यालय रामशाहपथको मिति २०७२।०३।११ गतेको पत्रहरु र बैंकिङ कार्यालय स्वयम्भुका शा.अ. केदार प्रासाद गौतम र लेखापाल गीता पन्त तथा सोही बैंकका खातावालाहरु सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी. समेत भई Core Banking System को दुरुपयोग गरी आफूहरुलाई गैरकानुनी लाभ पु¥याउने र बैंकलाई हानि नोक्सानी पु¥याउने कार्य गरेकोले कानुन बमोजिम अनुसन्धान तहकीकात र कारबाही अघि बढाउन अनुरोध भन्ने समेत ब्यहोराको नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभागको मिति २०७२।०३।११ गतेको पत्र जाहेरी दरखास्त र सो साथ संलग्न रहेका खातावालाहरु सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी.को कृषि विकास बैंक शाखा कार्यालय स्वयम्भुमा रहेको खाताहरुबाट भएको कारोबार देखिने बैंक स्टेटमेन्ट र खातावालाहरुको KYC फारम समेतका कागजातहरु बमोजिम कानूनी कारवाही गरी पाउँ भन्ने ब्यहोराको कृषि विकास बैंक लि. को पत्रहरु तथा नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभागको पत्रको जाहेरी दरखास्त।

## ख) कृषि विकास बैंक लि. को छानविन प्रतिवेदनः-

बैंकको शाखा कार्यालय स्वयम्भुका लेखपाल गीता पन्तको युजर आई.डी. र पासवर्डबाट Input र शा.अ. केदार प्रसाद गौतमको युजर आई.डी. र पासवर्ड प्रयोग गरी Authorized भई कार्यालय समय भन्दा पछि अनधिकृत रुपमा बैंकको प्रकृया भन्दा बाहिर गई रन्जित भट्टराईको बचत खाता नं. ०२१०९००७२३१२७०१०, सरोज यादवको बचत खाता नं. ०२१०९००७२४४८४०११, नबिन गुरुङको चल्ती खाता नं. ०२१०९०० ७२२८९२०१५ र बलराम के.सि. को चल्ती खाता नं. ०२१०९००७२२८८५०१९ मा २०७१ साल असोज महिनादेखि विभिन्न मितिमा क्रमशः रु.७,४१,५०,०००/, रु.७,६९,००,०००।, रु.९,२१,२५,०००/- र रु.९,६१,२५,०००/- गरी कुल जम्मा रु.३३,९३,३९,८७२।७१ रकम जम्मा गरेको र सो जम्मा भएको रकम मध्येको रकमहरु बलराम के.सी., नागेन प्रधान, नबिन गुरुङ, सुमन शर्मा, रबि कार्की, गोबिन्द भण्डारी, गगन प्रधान, महेन्द्र राई, बसन्त राई र अर्जुन भण्डारीको नाममा कृषि विकास बैंकका अन्य शाखा कार्यालयहरुमा भएका खाताहरुमा रकम ट्रान्सफर गरी जम्मा गराई रकम जम्मा भएका कृषि विकास बैंककै शाखा कार्यालयहरुबाट र अन्य विभिन्न बैंकहरुबाट ECC मार्फत भुक्तानी लिई बैंकलाई कुल रु.३३,९३,३९,८७२।७१ हानी नोक्सानी पुग्न गएको भन्ने कृषि विकास बैंकको पन्नाकाजी बज्राचार्यको संयोजकत्वको समूहको मिति २०७२।०३।१३ गते पेश गरेको छानविन प्रतिवेदन ।

## ग) कृषि विकास बैंकको छानविन प्रतिवेदन २०७२ः-

बैंकिङ कार्यालय स्वयम्भुमा सोही कार्यालयको लेखापाल गीता पन्त कोड नं. ५७०१ को ईनपुटर र शाखा अधिकृत केदार प्रसाद गौतम कोड नं. ४७४९ को अथराईजर पासवर्ड प्रयोग गरी ADBL रेमिटबाट बैंकका नवलपुर, मलंगवा, मिर्चैया, कटारी, गौर, बर्दघाट, कलैया, दुहबी, ढल्केबर, बर्दघाट,

बाग्लुङ समेतका शाखाहरुबाट बैंकको बैंकिङ कार्यालय स्वयम्भूमा असोज महिनादेखि विभिन्न मितिमा पटक पटक कारोबार गरी जम्मा ५५ पटक खातावालाहरु रन्जित भट्टराईको बचत खाता नं. ०२१०९००७२३१२७०१०, सरोज यादवको बचत खाता नं. ०२१०९००७२४४८४०११, नबिन गुरुङको चल्ती खाता नं. ०२१०९०० ७२२८९२०१५ र बलराम के.सि. को चल्ती खाता नं. ०२१०९००७२२८८५०१९ मा २०७१ साल क्रमशः रु.७,४१,५०,०००/-, रु.७,६९,००,०००।-, रु.९,२१,२५,०००/- र रु.९,६१,२५,०००।- गरी कुल जम्मा रु.३३,९३,३९,८७२।७१ रकम जम्मा गराएको देखिएको छ। उल्लेखीत खाताहरुमा रेमिट बाट प्राप्त भएको देखाई जम्मा गरिएको कुल जम्मा रु.३३,९३,३९,८७२।७१ मध्येबाट बलराम के.सी.को बैंकको न्यूरोड शाखामा रहेको खाता नं. ०२१००००७२३३६७०१० खातामा रु.२,९२,२४,५९७/३८, नागेन प्रधानको मंगलबजार शाखामा रहेको ०२११९००७२५५७७०१७ खातामा रु.६,७०,५९,१०५/९८, नबिन गुरुङको न्यूरोड शाखामा रहेको नं. ०२१००००७२३३७६०११ खातामा रु.३,०८,७८,१३२/२३, सुमन शर्माको रत्नपार्क शाखामा रहेको नं. ०२०९५००७२५३८८०१२ खातामा रु.२,६४,३२,४७६/३६, रबि कार्कीको नयाँबानेश्वर शाखामा रहेको नं.०२१०२०१००६२३२०१७ खातामा रु.२३,००,०००।-, गोबिन्द भण्डारीको ठमेल शाखामा रहेको नं.०२१०१०१००८५४१०१२ खातामा रु.१४,५०,०००।-, गगन प्रधानको रत्नपार्क शाखामा रहेको ०२०९५००७२५३७९०१३ खातामा रु.४,८४,०६,१५८/२७, महेन्द्र राईको न्यूरोड शाखामा रहेको खाता नं. ०२१००००१००८५४६०११ खातामा रु.२,००,०००/-, बसन्त राईको पुतलीसडक शाखामा ०२०९९००७२४७२७०१६ खातामा रु.६,०३,५५,८२४/०७ र अर्जुन भण्डारीको नाममा सातदोबाटो शाखामा रहेको नं. ०२११८००७२५४५४०१८ खातामा रु.३,४७,४७,५८८/६२ तथा सरोज यादवको स्वयम्भु शाखाको खाता नं. ०२१०९००७२४४८४०११ बाट रु.३,६७,७५,०००।- र रन्जित भट्टराईको स्वयम्भु शाखाको खाता नं. ०२१०९००७२३१२७०१० बाट रु.४,००,०००।- रकम ट्रान्सफर गरी गराई रकम निकाली लिई बैंकलाई हानी नोक्सानी पुर्‍याएको देखीएको। उपरोक्तानुसार जम्मा भएका रकमहरु भुक्तानी लिंदा खातावालाहरुले सिभिल बैंक, माछापुच्छ्रे बैंक लि. नेपाल ईन्भेष्टमेन्ट बैंक लि., मेगा बैंक लि., सानिमा बैंक लि. र लुम्बिनी बैंक लि. बाट Electronic Cheque Clearing (ECC) बाट पनि रकम लिएको देखिएको ।

बैंकका कुनै पनि शाखाहरुबाट रेमिटबाट नपठाईएको रकम बैंकको स्वयम्भु शाखामा प्राप्त भएको भनि खातावालाहरुको खातामा रकम जम्मा गराई सो रकमलाई बैंकका अन्य शाखाहरुमा ट्रान्सफर समेत गराई रकम भुक्तानी लिई बैंकलाई हानी नोक्सानी पुर्‍याई आफूहरुले अनुचित लाभ लिने कार्यमा संलग्न रहेका बैंकमा रेमिट रकम आएको भनि खातामा रकम जम्मा गर्ने कार्यको Input गीता पन्त र Authorizer केदार प्रसाद गौतम र खातावालाहरु समेतको संलग्नतामा कसूर अपराध भएको हो। यसरी रकम जम्मा गरिएका खातावालाहरुको खाता खोल्दा लिनु पर्ने र भर्नु पर्ने विवरणहरु नभरी/नभराई, ग्राहक पहिचान विवरणहरु समेत पूर्ण रुपमा नलिई खाता खोलिएको, बैंकको स्वयम्भु शाखाबाट दैनिक रुपमा हिसाब भिडान नभएको, कर्मचारी तथा कामको अनुगमन र सुपरीवेक्षण राम्रोसँग

हुन नसकेको, कर्मचारीहरुलाई आफूखुशी गर्न छुट दिएको देखिएको छ । साथै बैंकको क्षेत्रीय कार्यालयबाट हिसाब भिडान, कोष संचालन, विष्लेशण, अनुगमन समेतको काम गरी आबश्यक निर्देशन दिनु पर्नेमा सो अनुसार गरेको पाईएन । बैंकको मुख्य कार्यालयका सूचना प्रबिधि विभागबाट केदार प्रसाद गौतमको युजर मेनु हटाउनका लागी शाखा कार्यालय स्वयम्भुबाट पत्राचार भएकोमा सो अनुसार निजको युजर मेनु नहटाएको, अन्तर शाखा हिसाब भिडान व्यवस्थापन परियोजनाले हिसाब भिडानको काम समयमै नगरी कमजोरी रहेको, साथै हिसाब भिडान, कोष व्यवस्थापन र तरलताको अबस्था, Reconciliation, कर्मचारीको परिचालन र बाँडफाँड, शंकास्पद कारोबार सम्बन्धी कारबाही समेतका काममा बैंकको मुख्य कार्यालयको बजार तथा शाखा व्यवस्थापन विभाग, ट्रेजरी विभाग, लेखा तथा वित्त विभाग, आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभाग, सामान्य सेवा विभाग, कम्प्लायन्स युनिट र जनशक्ति व्यवस्थापन विभाग समेतको कमजोरी रहेको देखिन्छ भन्ने समेत ब्यहोराको कृषि विकास बैंक लि.को मिति २०७२।०४।०८ गते पेश भएको छानविन प्रतिवेदन, २०७२।

## २. प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः

### क) प्रतिवादी केदार प्रसाद गौतमको बयानः-

म बैंकको स्वयम्भु शाखामा लेखा प्रशासन शाखामा कार्यरत छु मेरो जिम्मेवारीहरु कार्यालयबाट भएका दैनिक खर्चहरुको बिल भरपाई स्वीकृत गर्न शिफारिस गर्ने, कार्यालय व्यवस्थापन सम्बन्धमा हुने र भएका सम्पूर्ण समस्याहरुको समाधान गर्नका लागी प्रबन्धकमा शिफारिस गर्ने र सो का लागी आबश्यक आर्थिक लगायतको ब्यबस्था गर्ने तथा प्रबन्धक अनुपस्थित रहेको अबस्थामा कार्यालय संचालन सम्बन्धी सम्पूर्ण कार्यहरु रहेको थियो। बैंकबाट रेमिट सम्बन्धी भुक्तानी दिनु पर्ने रकम भुक्तानीको लागी प्रबन्धकबाट आदेश हुनु पर्छ। रेमिट सम्बन्धी रकमको Authorize गर्ने जिम्मेवारी रकमको परिमाण अनुसार फरक फरक जिम्मेवारीमा रहेको हुन्छ। यस अनुसार रु.३०,००,०००।— सम्मको रकम Authorize क्यासियरले र सो भन्दा माथिको शाखा प्रबन्धक र निज कार्यालयमा नरहेको अबस्थामा र निज कार्यालयमा नै रहेता पनि ब्यस्त भएको बेलामा Authorize मैले गर्ने गरेको थिएँ । मैले जग्गा सम्बन्धी कारोवार गर्दा नोक्सानी भएकोले ऋण तिर्न रकम अभाव रहेको थियो । मेरो कारोबार मिलाउने सिलसिलामा राजिव थापा भन्ने कृष्णहरि थापा नाम भएका ब्यक्तिसँग मेरो घनिष्ठता बढ्दै गयो। ब्यबहार मिलाउन भारतको पश्चिम बंगाल र आसाम राज्यका विभिन्न स्थानहरुमा Networking Business समेतमा संलग्न भएकोमा सो बाट समेत कुनै आर्थिक लाभ नभएको र खर्चहरु बढ्दै गए पछि मेरो आर्थिक ब्यबहार अस्तब्यस्त भएकोले २०७१ सालको भदौ महिनामा राजिब थापा भन्ने कृष्णहरि थापा र म दुबै जना नेपाल फर्की दुबै जनाले एकापशमा के कसरी बिषम आर्थिक अबस्थाबाट मुक्ति पाउने भन्ने बारेमा छलफल र सरसल्लाह हुन थाल्यो। यसरी भएका छलफल र सरसल्लाहबाट कृषि विकास बैंकलाई नै प्रयोग गरी सोही बैंकबाट अनियमित तवरबाट के कसरी रकम निकाली आफ्नो ब्यबहार मिलाउन र आफू सुरक्षित रुपमा भारत भाग्न सकिन्छ भन्ने जुक्ति र उपायको बारेमा छलफल हुँदा मैले कृषि विकास बैंकबाट अनियमित तवरबाट रकम निकाल्ने र सो रकम निकाल्नका लागी बैंक बाहिरबाट राजिब थापा भन्ने कृष्णहरि थापाले पुरा सहयोग गर्ने र निकालिएको

रकमको व्यवस्थापन समेत भारतमा निजै राजिब थापा भन्ने कृष्णहरि थापाले गर्ने भन्ने सल्लाह भयो। बैंकको System, कर्मचारी लगायतका व्यवस्थापन सम्बन्धी कुराको अध्ययन गर्न थालें । यसरी अध्ययन गरे पछि बैंकको ADBL रेमिटबाट बैंकमा विभिन्न मानिसहरुको नाममा रकम आएको भन्ने देखाई आएको भनिएको रकम खातामा राखी सो रकम निकाली भारत लैजाने कुरा सम्भव हुन सक्ने देखियो। सो कार्यका लागी विभिन्न मानिसहरुको नाममा बैंकको शाखा कार्यालय स्वयम्भुमा नै खाता खोल्ने जिम्मेवारी राजिब थापा भन्ने कृष्णहरि थापा लाई दिएँ । मैले रेमिटबाट आएको रकम भन्ने देखाई रकम जम्मा गरिदिने र सो रकम निजै राजिब थापा भन्ने कृष्णहरि थापाले खाता खोलिएका मानिसहरु मार्फत रकम झिकी भारतमा लाने कुरा भयो ।

यसरी जम्मा भएको रकम मध्ये मैले ३३%, राजिब थापा भन्ने कृष्ण हरि थापाले ३३% र सो का लागी खाताहरु खोल्ने र खातामा जम्मा भएको रकम निकाल्ने मानिसहरुलाई तथा सो सम्बन्धमा लाग्ने अन्य खर्च समेतका लागी ३३% रकम बाँडफाँड गर्ने भन्ने सहमति पनि भयो । User ID र password को आबश्यकता परेकोले मैले कार्यालयमा कार्यरत लेखपाल गीता पन्तको User ID र password निजले काम गरेको बेलामा निज छेउ गई विभिन्न बहानामा बसि निजले आफ्नो password कम्प्युटरमा Entry गरेको हेरी पत्ता लगाएँ। पासवर्ड पत्ता लगाएपछि निजको नामबाट Input गरी आफुले आफ्नै User ID र password राखि Authorize गरी पहिलो पल्ट २०७१ सालको असोज महिनाको पहिलो हप्तातिर कृषि विकास बैंककै विभिन्न शाखाहरुबाट उल्लेखित सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी.को नाममा रेमिट मार्फत रकम आएको देखाई निजैहरुको खातामा विभिन्न परिमाणमा रकम जम्मा गरिदिएँ। परीक्षण स्वरुप मैले पहिलो पल्ट २०७१ सालको असोज महिनामा उल्लेखीत ४ जना मानिसहरुको खातामा रकम जम्मा गरेकोमा सो रकम जम्मा हुन र निकाल्न समेत सफल भएकोले मैले यसै गरी पटक पटक निजहरुको खातामा ठूलो परिमाणमा समेत रेमिटबाट रकम आएको भन्ने देखाई रकम निजहरुको खातामा जम्मा गराई विभिन्न मितिमा जम्मा रु.३३,९३,००,०००।- रकम जम्मा गराई निकालेको हो ।

कृषि विकास बैंक लि. स्वयम्भू शाखामा खाता खोलेका खातावालाहरु ४ जना मानिसहरु मध्ये नबिन गुरुङ र बलराम के.सी.को नाममा चल्ती खाताहरु खोल्दा सो खाताहरु Authorize गर्ने काम मैले गरेको हुँ बैंकमा खाता खोल्नका लागी ल्याउने, खाता खोल्न प्रेरित गर्ने, सो बापत रकम दिने र रकमहरु निकाल्ने समेतको सम्पूर्ण काम राजिब थापा भन्ने कृष्णहरि थापाले गरेका हुन मैले खातावालाहरुको नाममा विभिन्न मितिमा बैंकका नवलपुर, मलंगवा, मिचैंया, कटारी, गौर, बर्दघाट, कलैया समेतका Core Banking System ( CBS) नअपनाई सकेका पुरानै बैंकिङ प्रणाली अनुरुप चल्ने शाखाहरुबाट रकम आएको देखाएको थिएँ। यसरी बैंकका विभिन्न शाखाहरुबाट रकम आएको भन्ने देखाउदा बैंकले अपनाएको Core Banking System ( CBS) प्रणाली अनुरुप रकम पठाएको बैंकको Branch कोड नं. रेमिटबाट रकम प्राप्त गर्ने स्वयम्भु शाखाको कोड नं. समेतको सो System ले स्वीकार गर्ने अन्य अंकहरु राखी जम्मा १६ अंकहरु पुर्‍याई रेमिट मार्फत रकम आएको भनि स्वयम्भुशाखाको Core Banking System( CBS) मा Entry गरी Entry भएको रकम ४ जना खातावालाहरुको खातामा जम्मा गराएको हुँ ।

मैले कार्यालय समय बाहेक बसेर गरेको उल्लेखीत अनियमित कार्यको बारेमा कोही कसैले खोजीनिती समेत गरेको थिएन। मैले गीता पन्तको पासवर्ड राखि Input र म स्वयंले Authorize भएको रकमको कुनै भौचर, ईमेल वा अन्य केही पनि नभएको कारणले सो रकम प्राप्त भएको बारेमा कोही कसैले पनि नदेख्ने भएकोले सो को बारेमा रकम पठाउने कार्यालयसँग एकिन गर्ने भन्ने कुरै भएन। अन्तर बैंक कारोबारमा अस्वाभाविक रुपमा कारोबार भएको बारेमा अस्वाभाविक रुपमा रेमिटयान्सको हिसाब थपघट भएको बारेमा बैंकको रेमिट विभाग र अस्वाभाविक रुपमा रकम भुक्तानी भएको बिषयमा बैंकको ट्रेजरी विभागले हेर्नु पर्ने हो ।

अनियमित र गैरकानुनी तवरले निकालिएको कुल जम्मा रु.३३,९३,३९,८७२।७१ रकम मध्ये मैले विभिन्न मानिसहरुलाई सापटी (ऋण) तिर्ने, मेरो ब्यक्तिगत खर्च गर्ने समेतको कामका लागी र मैले तेज बहादुर थापाको नाममा सेन्चुरी बैंक लि. मा राखेको करिब रु.३५,००,०००।- गरी करिब रु.१,७५,००,०००।- रकम लिएको छु । सो बाहेकको अन्य सम्पूर्ण रकम राजिव थापा भन्ने कृष्णहरि थापाले मेरो समेत सम्पूर्ण व्यवस्थापन भारतमा गर्ने भनि भारतको सिलिगुडीमा लगेर राखेका छन। निजले भारतमा लगेको रकम हुण्डी मार्फत भारत लगेको र सिलीगुडीमा निजैले नगदै थन्क्याएर राखेका छन । सो रकम बैंकमा नराखि अन्यत्रै नगदै राखेका छन। कृषि विकास बैंकबाट अनियमितता गरी निकालिएको रु.३३,९३,३९,८७२।७१ रकम मध्ये मैले राजिव थापा भन्नबे कृष्णहरि थापासँग रु.१,७५,००,०००/- लिएकोमा सो मध्येको रु.३५,००,०००।- रकम तेज बहादुर थापाको नाममा सेन्चुरी बैंक लि. मा राखेको छु। बाँकी रकम मध्येको केही रकम मैले घरजग्गाको कारोबार गर्दा सापटी लिएका मानिसहरुलाई दिएको छु। यस बाहेक सोही रकमबाटै मैले विभिन्न पार्टीहरुको आयोजना गरी साथीभाई समेतलाई बोलाई पार्टी दिने, विभिन्न स्थानहरुमा हवाईजहाजबाट आवतजावत गर्ने, घरखर्च र अन्य विभिन्न फजुल खर्चहरु गर्दा नै सकियो ।

मिति २०७२।०३।०७ गतेका दिन बेलुकी करिब ६.०० बजेको समयमा खातावालाहरु सरोज यादव समेतका खाताहरुमा Transfer गरेकोमा Transfer गरेको रकमहरु मध्ये सरोज यादबको खाताबाट प्रेम गुरुङको नाममा बैंकको बत्तिसपुतली शाखामा रहेको खातामा रु.१०,००,०००।- रकम Transfer गर्नका लागीगीता पन्तको पासवर्डबाट Input भईसकेपछि मैले मेरै पासवर्डबाट Authorize गर्नु पर्नेमा Authorize गर्ने काम गर्न छुटेको कारण सो रकम गीताको नाममा Pending मा रहेको देखिएको रहेछ। सो घट्ना बैंक लगायतमा थाहा भैसकेको र प्रहरीले पक्रनका लागी खोजी गरिरहेको हुन सक्ने बारेमा अबगत गराएँ। निजलाई मैले सो घट्नाको बारेमा सुनाएपछि निजले सेन्चुरी बैंक लि. का KYC लगायतका कागजातहरुमा र तेज बहादुर थापाको नामको नागरिकताको प्रमाणपत्रको प्रतिलिपीमा टाँसिएको फोटो मेरो हो। मैले रु.३,००,०००/- रकम दिई मैले सो नागरिकता जिल्ला प्रशासन भक्तपुरबाट बनाएको हो। CCTV फुटेज मा मेरो तस्बीर भएको स्थानको पृष्ठभुमिमा भएको दृष्य मैले काम गरेको शाखा कार्यालय स्वयम्भुको दृष्य हो भन्ने समेत व्यहोराको मिति २०७२।०४। २२ गतेको प्रतिवादी केदार प्रसाद गौतमको थप बयान।

## ख) प्रतिवादी केदार प्रसाद गौतमको (ततिम्बा) बयानः

मैले कृषि विकास बैंकबाट अनियमित र गैरकानुनी तवरबाट रकम निकाल्ने बारेमा राजिव थापा भन्ने कृष्णहरि थापासँग सल्लाह गरी योजना समेत बनाई अनियमित र गैरकानुनी तवरबाट रकम निकाल्ने काम गरेको हुँ। सो को लागी खातावालाहरुलाई खोजेर ल्याउने र निजहरुको नागरिकता बनाउने र निजहरुको नाममा खाता खोल्ने, निजहरुलाई रकम दिने समेतको सम्पूर्ण काम निजै राजिव थापा भन्ने कृष्णहरि थापाले गरेका हुन । मैले बसन्त राई भन्ने सूर्य बहादुर लिम्बुलाई सेन्चुरी बैंकमा १ पटक मात्र भेटेर बसन्त राई भनेर चिनेको हुँ। निजलाई बसन्त राईको नाममा नागरिकता बनाईदिने, फोटो खिच्ने, खाता खोलीदिने, रकम निकाल्दा निजले डर लाग्छ भनेको र म निजको छेउमा गएर बसेको पनि होईन । निजलाई काम गरे बापत १२% रकम दिने भनेको र अन्य कुनै कुरा सिकाएको पनि छैन । किन र कसरी निजले बयानमा मैले सवालमा उल्लेखीत काम गरेको भनेर खुलाए मलाई थाहा छैन । मैले जिल्ला झापा चारपाने बस्ने बिपिन गिरीलाई रु.११,८०,०००।- रकम दिएको हो । मैले कृषि विकास बैंकबाट अनियमित र गैरकानुनी तवरबाट निकालेको रकम नै राजिव थापा भन्ने कृष्णहरि थापाबाट लिई निजलाई सोही रकम मध्येबाट रु.११,८०,०००/- रकम दिएको हो। सो रकम निजले मलाई समयमा फिर्ता नगरी आलटाल गरेपछि निजसँग मैले रकमको लागी ताकेता गर्दा निजले मलाई जग्गा दिन्छु भनेपछि मैले मेरो श्रीमति सम्झना पोखरेललाई निजले पास गरेर दिएको जग्गा लिनु र निजै मेरो श्रीमतिको नामको बा ८ च ३०६८ नंबरको कार खरिद गरी रकम समेत दिईसकेका सुमन भुजेललाई मैले कार नदिने मनशाय गरेपछि निजले कार बापत दिएको रकम बापत सोही जग्गा पास गरी निजलाई दिनु भनेको थिएँ। मैले भने अनुसार मेरो श्रीमति सम्झना पोखरेलले बिपिन गिरीले मलाई दिनु पर्ने रकम रु. ११,८०,०००।- बापत निजको बाबुको नामको जग्गा दिएका र सो जग्गा कारको रकम लिए बापत निज सुमन भुजेललाई बन्धकी स्वरुप दिएको हो। सुमन भुजेलले कार खरिद बापत मेरो श्रीमतिलाई दिएको रकम मैले कार नदिए पछि निजलाई सोही कार बापत दिएको रकम बापत जग्गा पास गराई दिएको हो। पछि म भागी फरार भई भारत जाने क्रममा मलाई हतार भएकोले निजैलाई सो कार दिनु भनेर दाजुको घरमा छाडी गएको हुँ। राजिव थापा भन्ने कृष्णहरि थापा हाल निज भारतको सिल्लीगुडीमा फ्ल्याट भाडामा लिई आर्यन क्षेत्रीको नामबाट राशनकार्ड समेत लिई दिक्षा क्षेत्री नाम गरेकी भारतिय महिलासँग विवाह गरी स्थायी रुपमा बसोबास गरेका छन भन्ने समेत ब्यहोराको मिति २०७२/०४/३१ गतेको प्रतिवादी केदार प्रसाद गौतमको ततिम्बा बयान कागज ।

## ग) प्रतिवादी बसन्त राई भन्ने सूर्य बहादुर लिम्बुको बयानः

केदार प्रसाद गौतम, नागेन प्रधान, नबिन गुरुङ, सुमन शर्मा, गगन प्रधान, अर्जुन भण्डारी, सरोज यादब र राजिब थापा भन्ने कृष्णहरि थापालाई चिन्छु । उल्लेखीत मानिसहरु मध्ये केदार प्रसाद गौतमले मलाई कृषि बिकास बैंक लि. स्वयम्भुको मेनेजर भनेर चिनाई मेरो फोटो टाँस गरी बसन्त राईको नाममा नागरिकता बनाई मलाई खाता खोल्नु भनि बैंकको पुतलीसडक शाखामा खाता खोलाई सो खाताबाट रकम निकाल्न लगाएका हुन । साथै सो कामका लागी मलाई फकाउने

रकमको लागी प्रलोभनमा पार्ने र बसन्त राईको नाममा नागरिकता बनाई दिई मैले खाताबाट निकालेको रकम लिने समेतको काम राजिब थापा भन्ने कृष्णहरि थापाले गरेका हुन । नागेन प्रधान, नबिन गुरुङ, सुमन शर्मा, गगन प्रधान, अर्जुन भण्डारी, सरोज यादब कृषि बिकास बैंकका बिभिन्न शाखाहरुमा खाता खोली खातामा जम्मा गरे गराएको रकम निकाली ल्याई केदार प्रसाद गौतम र राजिब थापा भन्ने कृष्णहरि थापालाई दिने र निजहरुबाट आफूहरु पनि रकम लिने मानिसहरु हुन । रोहित गौतम भन्ने मानिस म समेतका मैले माथि उल्लेख गरेका बैंकमा खाता खोलि रकम निकाल्ने मानिसहरुलाई ट्याक्सीमा राखी बैंक सम्म लैजाने र रकम निकाली सकेपछि हामीहरुलाई होटलमा छाड्ने र रकम सहित राजिव थापा भन्ने कृष्णहरि थापा र केदार प्रसाद गौतमलाई ट्याक्सीमा नै राखी अन्यत्रै लैजाने काम गर्ने मानिस हुन । बसन्त राईको नाममा तयार भएका अन्य सबै कागजातहरुमा टाँसिएका फोटोहरु मेरा हुन । उल्लेखित कागजातहरु र नागरिकताको प्रमाणपत्र मैले नै कृषि बिकास बैंकको शाखा कार्यालय पुतलीसडकमा खाता खोल्दा पेश गरेको हुँ । सो कागजातहरुमा बसन्त राईको नामबाट दस्तखत गर्ने मानिस म स्वयं हुँ । २०७१ सालको असोज महिनाको शुरुतिर म भारतको सिक्किम राज्यको नाम्ची बजारमा रहेर आफ्नो जग्गा जमिनको दलालको काम गरिरहेको बेलामा सुनित ब्याक भन्ने मानिसले मलाई फोन गरी सिल्लीगुडीमा बोलाई राजिव थापा भन्ने कृष्णहरि थापा नेपालको काठमाण्डौमा छन । निजले काठमाण्डौमा नै काम गरिरहेकोमा निजलाई १ जना मानिस चाहिएको छ। तपाई काठमाण्डौमा गएर निजसंगै काम गर्नुहोस राम्रो कमाई हुने काम हो भनेर भनेकोले राजिव थापा भन्ने कृष्णहरि थापाबालाई पैसा पठाउन लगाई सो रकम लिई काठमाण्डौ आएको थिए। त्यसपछी मलाइ मेरो फोटो टाँस भएको बसन्त राईको नाममा तयार भएको नागरिकताको प्रमाणपत्र देखाई तपाईको कागजातहरु बनिसक्यो अब बैंकमा गई खाता खोल्नु पर्छ बैंकमा कसैले सोध्यो भने आफ्नो नाम बसन्त राई, बाबुको नाम जित बहादुर राई र ठेगाना झापा धरमपुर हो भन्नु भनेर सिकाएका अनुसार मैले कृषि बिकास बैंकमा बसन्त राईको नामबाट रु.१,०००।— जम्मा गरी खाता खोलेको हुँ । मैले उल्लेखीत खाताबाट ठूलो परिमाणमा रकम भुक्तानी लिएको छु । तर के कति रकम भुक्तानी लिएँ भन्ने मलाई एकिन छैन । १ पटक चेक पेश गरी रु.८,००,०००।— सम्म रकम भुक्तानी लिएको छु । निजहरुले जम्मा गराएको रकम भुक्तानी लिनका लागी मलाई राजिब थापा भन्ने कृष्णहरि थापा, केदार प्रसाद गौतम, सागर भन्ने मानिस समेत भई रोहित गौतम नाम गरेको मानिसको ट्याक्सीमा राखी बैंकसम्म लैजाने गरेको र बैंक नजिकपुगेपछि निजैहरुले राखे गरेको बसन्त राईको नामको चेकबुकको चेकमा रकम भरि तयार गरेको चेकको प्रतिमा सहिछाप ( दस्तखत) गर्न लगाई बसन्त राईको नामको नागरिकताको प्रमाणपत्र दिई आफूहरु बाहिरै बसी मलाई निकालिएको रकम ल्याउनु भनि बैंक भित्र पठाउने गरेका थिए । मैले बैंकबाट भुक्तानी लिएको रकम मध्ये पटक पटक गरी करिब रु.३०,००,०००।— रकम मैले लिएको छु । मैले लिएको रकम मध्ये मेरो श्रीमतिको खातामा भारतमा करिब रु.५,००,०००।— राखको छु । बाँकी मैले लिएको रकम ऋण सापटी तिर्ने, छोराछोरीको पढाईमा तथा अन्य मेरो घरायसी कार्यमा खर्च भईसक्यो । केदार प्रसाद गौतम र राजिब थापा भन्ने कृष्णहरि थापा दुबैजना आई मलाई भेटी तिमिले निकालेको रकम मध्ये १२% रकम तिमिले पाएनौ भने मलाई भन्नु, तिमिले

१२% रकम पाउने हो । हिसाब गरेर मलाई भन्नु भनेको थियो । तर मलाई निजले भने बमोजिमको १२% रकम पनि मलाई दिएनन । मसँग पहिले निकालिएको रकम मध्ये ३३% दिने पाउने भन्ने सल्लाह भएको पनि होईन । नागेन प्रधान भन्ने मानिसको बास्तविक नाम रुबेन प्रधान हो भनेर मलाई भनेको थियो भन्ने समेत ब्यहोराको मिति २०७२।०४।२९ गतेको प्रतिवादी बसन्त राई भन्ने सूर्य बहादुर लिम्बुको बयान कागज ।

**घ) <u>प्रतिवादी संदिप गुप्ताको बयानः</u>**

म सवालमा उल्लेखीत प्रतिवादीहरु मध्ये केदार प्रसाद गौतम र राम कुम्हारलाई मात्र चिन्छु, अन्य कोही कसैलाई चिन्दिन । केदार प्रसाद गौतमलाई करिब ७/८ महिना अघि मेरो पसलमा सुन खरिद गर्न आएको बेला चिनेको हुं । त्यसपश्चात पनि निज मेरो पसलमा बारम्बार सुन खरिद गर्न आईरहेकोले निजसंग घनिष्ठता बढ्दै गएको हो । निजसंग मेरो ब्यापारिक वा अन्य कारोबार र सम्बन्ध समेत केही छैन । राम कुम्हार आजभन्दा ५/६ बर्ष अघि चिनजान भएका भारतिय साथी हुन करिब २ महिना अघि केदार प्रसाद गौतम मेरो पसलमा आई मैले बैंकमा रकम जम्मा गराउनु पर्नेछ, मेरो कार पार्किङ गर्ने ठाउ नभएकोले मलाई रकम जम्मा गर्न गाऱ्हो भयो , तपाईको कुनै कर्मचारी फुर्सदमा भए रकम जम्मा गर्न लगाई दिनु भनेर जम्मा गर्नु पर्ने रकम भनि रु.४,००,०००।-मलाई दिएका थिए । मैले निज केदार प्रसाद गौतम मेरो पसलबाट सुन खरिद गर्ने चिनेका ग्राहक भएकोले निजले भने बमोजिम निजैले मलाई दिएको रु.४,००,०००।— रकम मैले मेरो पसलमा काम गर्ने अमिक श्रेष्ठलाई सेन्चुरी बैंकमा रहेको तेज बहादुर थापाको नामको खातामा जम्मा गरिदिनका लागी भनेको थिएँ । मैले भने बमोजिम निज अमिकले खातामा रकम जम्मा गरेका हुन । सोही बखत मैले केदार प्रसाद गौतमलाई पछि पनि रकम जम्मा गर्नु परेमा निजैलाई भन्नु भनेको र अमिकलाई पनि केदारको रकम जम्मा गर्नु परेमा पछि पनि रकम जम्मा गरिदिनु भनेर भनेको थिएँ । मैले भने बमोजिम केदार प्रसाद गौतमले पछि पनि पटक पटक निज अमिकलाई रकम जम्मा गर्न लगाएको र अमिक श्रेष्ठले रकम जम्मा गरेका हुन । केदार प्रसाद गौतमले अमिकबाट के कति रकम कहिले कहिले तेज बहादुर थापाको नामको खातामा जम्मा गराए भन्ने मलाई थाहा थिएन । हाल मिशिल संलग्न रहेको सेन्चुरी बैंक लि.को तेज बहादुर थापाको नामको खाताको स्टेटमन्ट देखाउँदा निजले जुन ५, २०१५ देखि जुन २४, २०१५ सम्म पटक पटक खातामा रकम जम्मा गराएका रहेछन । निज केदार प्रसाद गौतमले सेन्चुरी बैंकमा तेज बहादुर थापाको नामबाट खाता खोलेको मलाई थाहा थिएन । मेरो पसलमा बारम्बार धेरै मात्रामा सुन खरिदको कारोबार गर्ने राम्रो ग्राहक भएका कारण निजले भने बमोजिम असल नियतका साथ मेरो पसलमा काम गर्ने अमिक मार्फत खातामा रकम जम्मा गराई दिएको हो । निज केदार प्रसाद गौतमले कृषि बिकास बैंकबाट अनियमित तवरले निकाली लिएको रकम लुकाउनका लागी मेरो कर्मचारीबाट खातामा रकम जम्मा गराएको बारेमा मलाई तत्काल थाहा जानकारी नै भएन । निजले खातामा रकम जम्मा गर्नका लागी खाताको बिवरणं मलाई मोबाईलमा SMS गरी पठाएका थिए । निजले पठाएको बिवरण भएको खातामा मैले अमिकबाट रकम जम्मा गर्न लागाएको हुँ । खातावाला

को हुन के कति नंबरको खाता हो र खाता के कस्तो हो भन्ने समेत तत्काल मलाई थाहा भएन । केदार प्रसाद गौतमसंग कुराकानी हुँदा निज घरजग्गाको कारोबार गर्ने गरेको र हालसालै चितवनमा सात करोड रुपैयाको जग्गा बेचेकोले सोही जग्गा बिक्रीबाट प्राप्त भएको रकम भारतमा छोरीको लागी फ्ल्याट खरिद गर्नको लागी पठाउने भनेको थियो । केदार प्रसाद गौतमले कृषि बिकास बैंकबाट गैरकानुनी रुपले निकाली लिएको रकम भारत पठाएको भन्ने थाहा थिएन केदार प्रसाद गौतमले मेरो पसलमा करिब १७/१८ लाख रुपैयाको सुनका गरगहनाहरु खरिद गरि सकेका छन । सो को रकम समेत दिईसकेका र मैले गहनाहरु समेत निजलाई दिईसकेको छु पछिल्लो पटक निजले मलाई सुनका गहनाहरु बनाउनका लागी सो बापत अग्रिम भुक्तानी गरेको रु.१,२०,०००।— रकम मैले सुनका गहनाहरु बनाउन नभ्याएको कारणले गहनाहरु दिन नसकेकोमा सोही रु.१,२०,०००।— रुपैया निजलाई फिर्ता दिन बाँकी छ । प्रतिवादी केदार प्रसाद गौतम मेरो सुन खरिद गर्ने ग्राहक भएकोले निजले भने बमोजिम खातामा रकम जम्मा गराई दिएको हो । निजले जग्गा बिक्री गरेको रकम छोरीको ब्यबस्तापनको लागी भारत पठाउने भनेकोले मैले निजले पठाउने भनेको रकम पठाउन सक्छु भन्ने मैले चिने जानेका राम कुम्हारलाई रकम पठाइ दिनु भनेको मात्र हो । निजले गरेको गैरकानुनी कार्यको बारेमा मलाई थाहा छैन भन्ने व्यहोराको मिति २०७२/०५/०१ गतेको प्रतिवादी संदिप गुप्ताको बयान कागज ।

ङ) <u>प्रतिवादी भरत बहादुर बानियाको बयानः</u>

म कृषि बिकास बैंकमा २०४३।०१।१५ मा ऋण सहायक पदमा खुल्ला प्रतिश्पर्धाबाट नियुक्त भएको हुँ । बैंकका बिभिन्न शाखाहरुमा रहेर २९ बर्ष काम गरें । बैंकको ऋण सहायक पदमा रहेर शाखा कार्यालय वीरगंज, कलैया, ईनरुवा समेतका शाखाहरुमा काम गरें । म सो पदबाट २०५६ सालमा ऋण अधिकृतमा बढुवा भई शाखा कार्यालय जनकपुर, कलैया समेमा काम गरेपछि २०६७ सालमा म शाखा प्रबन्धक पदमा बढुवा भई बैंकको शाखा कार्यालय बनेपा, भक्तपुर र सिमरा हुदै मिति २०७१।०१।०७ गते देखि बैंकको शाखा कार्यालय स्वयम्भुमा कार्यरत रहेको छु । शाखा कार्यालय स्वयम्भुमा कार्यरत रहेकै अबस्थामा बैंकको मुख्य कार्यालय रामशाहपथको मिति २०७२।०३।१४ गतेको निर्णयले म हाल निलम्बनमा रहेको छु । मिति २०७२।०३।१० गते दिनको १०:०० बजे म बैंकमा आई हाजिर हुनासाथ बैंकका शाखा अधिकृत उद्दव रिजाल र अर्का शाखा अधिकृत शशी दाहालले Fund Transfer मा लेखपाल गिता पन्तको नामबाट मिति २०७२।०३।०७ गते Input भएको रु.१०,००,०००।- रकम Authorize नभई Pending मा रहेको देखिन्छ, के भएको हो हेर्नु पर्‍यो भनेर मलाई रिपोर्टिङ भएको थियो । त्यसपछि सो रकम बारेको चेक र भौचरहरु समेत खोजी गरेकोमा चेक र भौचरहरु नपाईए पछि सो रकम के कस्तो हो भनि खोजी गर्नका लागी Fund Transfer गरिएका खातावाला सरोज यादबको खाताबाट भएको कारोबारको बिवरणको प्रिन्ट निकाली हेर्दा निजको खातामा लेखपाल गिता पन्तले Input र शा.अ. केदार प्रसाद गौतमबाट Authorize भई ADBLरेमिटबाट आएको देखिएको रु.७,६९, ००,०००।- रकम निज सरोज यादवको खाताबाट बिभिन्न मानिसहरुको नाममा कृषि बिकास बैंककै अन्य शाखाहरुमा भएका

खाताहरु तथा ECC मार्फत अन्य बैंकहरुबाट भुक्तानी लिएको देखिएको र सो कारोबार शंकास्पद देखिएकोले निजको खाताको कारोबारको बिवरण भएको प्रिन्ट कपी लिई सो को छानविन समेतको लागी म स्वयं र बैंकका शाखा अधिकृत प्रदीप मिश्र बैंकको मुख्य कार्यालय रामशाहपथमा गई बैंकका कार्यकारी अधिकृत लिला प्रकाश सिटौला समक्ष रिपोर्टिङ गरेका थियौं । हामीले रिपोर्टिङ गरेपछि कार्यकारी अधिकृत लिला प्रकाश सिटौलाले बैंकका अन्य DGM हरु समेत बोलाई मिटिङ गरी सो को छानविनको लागी बैंकको IT, लेखा बिभाग, रेमिट्यान्स बिभाग र जनशक्ति बिभाग समेतका कर्मचारीहरु सहित स्वयम्भू शाखामा आई सरोज यादबको खाताबाट भएको कारोबार र अन्य मानिसहरुको खाताबाट भएको कारोबार हेर्दा बैंकको स्वयम्भू शाखाका अन्य ३ जना खातावालाहरु रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी.को खातामा पनि ठूलो ठूलो परिमाणमा रेमिट मार्फत रकम आई जम्मा भएको र जम्मा भएको रकम बैंकका अन्य शाखा कार्यालयहरुमा बिभिन्न मानिसहरुको खातामा Transfer गरी जम्मा गरी गराई भुक्तानी लिएको देखिएको हो । यसरी रेमिट मार्फत रकम आएको देखाई खातावालाहरुको खातामा रकम जम्मा गर्ने र सो रकम Transfer गर्ने सम्पूर्ण कार्यमा बैंकका लेखपाल गिता पन्तले Input गरेको र शा.अ. केदार प्रसाद गौतमले Authorize गरेको देखिएको थियो । यसरी निज खातावालाहरुको खातामा रकम जम्मा भएको र निकालिएको कुरामा अनियमितता भएको बारेमा थाहा पाए पछि सो कुराको जानकारी नेपाल राष्ट्र बैंक र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोलाई तत्कालै लिखित गराईएको थियो । यसपछि केन्द्रीय अनुसन्धान ब्यूरोले सो को अनुसन्धान शुरु गरेको हो । सो पश्चात नेपाल राष्ट्र बैंकबाट यसरी अनियमित तवरबाट रकम निकाली बैंकलाई हानी नोक्सानी पुऱ्याएको बारेमा छानविन समेत भएको थियो । पछि बुझ्दै जाँदा सो कार्यमा बैंकका शा.अ. केदार प्रसाद गौतम संलग्न रहेछन । निजले कार्यालयका लेखपाल गिता पन्तको पासवर्ड चोरी गरी सोही पासवर्डको अनधिकृत रुपमा दुरुपयोग गरी निजको पासवर्डबाट माथि उल्लेखित खातावालाहरुको नाममा बैंकका CBS (core Banking System) नअपनाई सकेका शाखा कार्यालयहरुबाट रकम आएको भन्ने देखाई सो कुरा Input गरी आफू स्वयं सो कुराको Authorizer भइ खातावालाहरुसंग मिलेमतो गरी रेमिट मार्फत रकम आएको भन्ने देखाई सो कुरालाई गिता पन्तको पासवर्ड दुरुपयोग गरी र आफूले Authorize गरी निजहरुको खातामा रेमिट बाट आएको भन्ने देखाएको रकम जम्मा गरी सो जम्मा भएको रकम अन्य शाखाहरुमा बिभिन्न मानिसहरुको खातामा Transfer गरी रकम निकाली लिई बैंकलाई रु.३३,९३,००,०००।- हानी नोक्सानी पुऱ्याएका रहेछन । खातावालाहरु सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी.कसैलाई पनि म चिन्दिन र निजहरु मेरो नाता सम्बन्धका मानिसहरु पनि होईनन । उल्लेखित कसूर अपराध बैंकका कर्मचारी शा.अ. केदार प्रसाद गौतम र खातावालाहरु सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी.समेतका मानिसहरु भई गरे गराएका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।०४।२६ गतेको प्रतिवादी भरत बहादुर बानियाको बयान कागज ।

**च) <u>प्रतिवादी सुमन भुजेलको बयानः</u>**

प्रतिवादी केदार गौतम लगायत अन्य कोहि कसैसँग मेरो कुनै नाता सम्बन्ध केहि छैन । निज

केदार गौतम कृषि बिकास बैक काठमाण्डौमा कार्यरत हुनुहुन्छ भन्ने कुरा थाहा छ । केदार गौतमले मेरो गाउँको दिदी सम्झना पोखलसँग बिवाह भएको भन्ने मात्र थाहा छ । निज केदार गौतमको साली सृजना पोखेल मेरो साथी भएकोले सोहि माध्यमबाट निजको दिदी सम्झना पोखेलको ऋणी रहेको युनुभर्सल डेबलपमेन्ट बैक अनामनगर काठमाण्डौबाट २०६८ सालमा फाइनान्स भएको बा ८ च ३०६८ नम्बरको कियाको रियो कालो रंगको कार बिक्रीमा छ भन्ने कुरा थाहा पाई मैले निज सम्झना पोखेलसँग कार किन्ने कुरा गरी २०७१ साल चैत महिनामा उक्त कारको मुल्य मौखिक सहमती अनुसार बनाएर दिए रु १२५००००/- (बाह्र लाख पचास हजार), नबनाएर बिक्रि गरेमा रु ११ लाखमा तय भई नगद रु ९,५०,०००/- (नौ लाख पचास हजार) बुझाई आफ्नो नाममा नामसारी गरीसकेको छु । उक्त कारको भुक्तानी गर्नुपर्ने रकम १५००००/- (एक लाख पचास हजार मात्र) बाँकी नै छ । निज सम्झना पोखेललाई बच्चादेखि चिन्दछु भने केदार गौतमलाई २०७१ साल फाल्गुन महिनामा निजको छोराको बर्तबन्धमा देखेको थिए । निज केदार गौतमको श्रीमती सम्झना पोखेलको नाममा रहेको बर्दिबास न.पा.वडा नं. १ मा पर्ने हाल कि.नं. थाहा भएन १६ धुर जमिन गत सालको पुष महिनामा खरिद गरेको हो, निजहरुसँग मेरो लेनदेन, ब्यवसायिक कारोबार पनि केहि छैन तर केदार गौतमको साली सृजना पोखेलबाट १५ लाख र २० लाखको गरी जम्मा रु ३५००००० /-(पैतिस लाख) सम्झना पोखेलको नामको नबिल बैकको चेक फाल्गुन महिनामा बैकको ब्याजदरमा लिएको हुँ । मलाई सृजना पोखेलले सम्झना पोखेलको नामको नबिल बैकको दुई वटा खाली चेक दिएकी थिईन । उक्त चेकहरुमा मैले मेरो अस्पतालको कर्मचारी हेम बहादुर धमलाको नाम र रकम रु. १५ लाख र २० लाख ( जम्मा ३५ लाख) आफ्नै हातले लेखी निजलाई उक्त बैकको चेक जनकपुर शाखाबाट करिब ५/७ दिनपछी २/३ दिनको फरकमा मेरो अस्पतालको कर्मचारी हेम बहादुर धमलाले साटी भुक्तानी लिएका हुन र उक्त रकम निजले नै ज्योती बिकास बैकको बर्दिबास शाखा र SBI बैकको बर्दिबास शाखामा जम्मा गरेको हुन । उक्त रकम लेनदेको क्रममा निजहरु र मेरो बिचमा कुनै किसिमको तमसुक /कागजात भएको छैन र निज सृजना पोखेल पढन दिल्ली जाँदा उक्त रकमको साँवा ब्याज सहित मागे अनुसार बुझाउनु पर्ने मौखिक सर्त मात्र थियो । मैले सम्झना पोखेलबाट किनेको बा ८ च ३०६८ नम्बरको गाडीको नौ लाख पचास हजार बुझाई सकेको करिब १ महिना बितिसक्दा पनि उक्त गाडी निज सम्झना पोखेलले समयमा नदिएकोले उक्त गाडीको रकम बराबरी हुने गरी निजले झापा जिल्ला चारपाने गा.बि.स.४ बस्ने बर्ष ५४ को देबी प्रसाद गिरीबाट निज सम्झना पोखेलले पैसा लिनुपर्ने भएकोले निज देबी प्रसादगिरीले निजकै नाममा रहेको जिल्ला झापा चारपाने गा.बि.स.वडा नं. ४ को कि.नं.४४२ क्षेत्रफल ०-१-१० धुरको जमिन निज सम्झना पोखेल, मेरो र देबी प्रसाद गिरीको त्रिपक्षीय लिखित सम्झौता अनुसार तमशुक बनाई निजले मलाई उक्त गाडी दिनासाथ मैले मेरो नाममा रहेको उक्त जमिन सम्झना पोखेलका नाममा पास गरी दिने शर्त रहेको थियो । उक्त जमिन हाल पनि मेरो नाममा नै छ। मलाई निज केदार गौतम र सम्झना पोखेलले कसुर गरेको बारेमा केही थाहा थिएन । मलाई सृजना पोखेलले मेरो बुवाले मलाई दाईजो भनी दिएको जग्गा बेची पढनको लागी अष्ट्रेलिया जानको निमित्त तयारी गर्दा सो जमिन बिक्री गरी अष्ट्रलियाको लागी पैशा जम्मा गरेको तर भिसा नलागी पैशा

फिर्ता भएको कारण सोहि पैशा मौखिक सहमतीमा बैकको ब्याज तिर्ने गरी मैले ऋण स्वरुप लिएको हुँ, कि.नं. ४४२ को जमिन निज सम्झना पोखेलले गाडीको पैशा दिइसक्दा पनि करिब १ महिनासम्म उक्त गाडी नदिएकोले सो जमिन गाडी नदिन्जेलसम्म मेरो नाममा राख्ने लिखित सहमती गरि उक्त जमिन मैले मेरो नाममा पास गरेको हुँ भन्ने समेत ब्यहोराको मिति २०७२।०४।२६ गतेको प्रतिवादी सुमन भुजेलको बयान कागज ।

**छ) <u>प्रतिवादी राम कुमार कुम्हारको बयानः</u>**

प्रतिबादी केदार प्रसाद गौतमलाई मैले पक्राउ हुनु भन्दा अगाडि देखे चिनेको थिएन । प्रतिबादी संदिप गुप्तालाई आज भन्दा अन्दाजी ४ बर्ष अगाडि देखि चिन्दछु । म संगै काठमाण्डौ टेकुमा डेरा गरी बस्ने मानिसको भतिजी संदिप गुप्ताको श्रीमती भएकोले आउदा जादा चिनजान भएको हो मैले प्रतिबादी केदार प्रसाद गौतम, राजिव थापा भन्ने कृष्णहरि थापालाई चिन्दैन । मैले सन्दिप गुप्तासंग मिलेर वा निजसंग संलग्न रहेर अमिक मार्फत तेज बहादुर थापाको खातामा रकम जम्मा गराएको छैन सन्दिप गुप्ता मेरो साथीको ज्वाँई नाताका मैले चिनेका मानिस हुन । निजको काठमाण्डौको बिशाल बजारमा सुन पसल छ । निजले आज भन्दा करिब ४ महिना अघि फोन गरेर भारतमा पैसा पठाउनु पर्ने छ । तपाईले पैसा पठाउन सहयोग गर्नुस भनेकोमा मैले हाल रकम भारत लिएर जाने मानिस छैन पछि कोही मानिस फेला परेमा म सहयोग गरौंला भनेको थिएँ । त्यस पछि पनि निजले मलाई रकम पठाउन भनेकोमा मैले काठमाण्डौको न्यूरोडमा १ जना भारतको सिल्लीगुडीबाट आएका निरञ्जन भन्ने मानिसलाई भेटी चिनजान भएकोमा निजसंग मैले भारतमा रकम पठाउनु पर्नेछ । रकम पठाउन सकिन्छ ? भनेर सोधेकोमा निजले मलाई तपाईले पठाउनु पर्ने रकम मलाई दिनु म सिल्लीगुडीबाटै तपाईले पठाउनु पर्ने मानिसलाई रकम दिन लगाँउछु भनेको थियो । त्यसपछि म सन्दिप गुप्ताको सुन पसलमा गएको थिएँ । निजले मलाई पटक पटक गरी जम्मा ६/७ पटक भारत पठाउने भनेर रकम दिएको थियो । निजबाट मैले पटक पटक गरी जम्मा रु.२,९०,००,०००।—( दुई करोड नब्बे लाख ) रकम लिई सो रकम निजै निरञ्जन भन्ने मानिसलाई भेटी दिएको हुँ । मैले रकम दिए पछि मलाई निज निरञ्जन भन्ने मानिसले भारतको सिल्लीगुडीमा रकम लिनको लागी फोन गर्नु भनेर दिएको भारतिय फोन नंबर मैले निजै सन्दिप गुप्तालाई दिएको हुँ । मैले निजलाई फोन नंबर दिए पछि के कसरी कसले सो रकम भारतबाट भुक्तानी लियो भन्ने मलाई थाहा छैन । मैले रकम पठाउने काममा निज सन्दिप गुप्तालाई सहयोग मात्र गरेको हो । निरञ्जन भन्ने मानिसको पुरा नाम थर र वतन समेतको बिवरण मलाई थाहा छैन । तर निज भारतमा कपडाको ब्यापार गर्ने मानिस हुँ । नेपालबाट पनि कपडा भारतमा लैजाने र भारतबाट पनि कपडाहरु ल्याई नेपालमा बिक्री गर्ने काम गर्छु भनेर मलाई भनेका थिए । निजको पुरा नाम थर थाहा नभएता पनि पहिलो पटक निजलाई रकम दिएकोमा सो रकम भारतमा भुक्तानी लिनेले भुक्तानी पाएको र कुनै गडबडी नभएकोले पटक पटक निजलाई भारत पठाउनका लागी रकम दिएको हो । सन्दिप गुप्ताले भने बमोजिम मैले निरञ्जन भन्ने मानिस मार्फत रकम पठाउन सहयोग गरेको हो । सो रकम कृषि बिकास बैंकबाट अनियमित तवरले निकाली लिएको रकम हो भन्ने मलाई थाहा थिएन । म केदार प्रसाद गौतमलाई

चिन्दिन । म नेपाल बाट पूँजी पलायन गरी भारत लैजाने कार्यमा संलग्न भएको होईन । कानुन बमोजिमको रकम भारतमा पठाउनु पर्ने नै होला भन्ने ठानेर मैले सहयोग गरेको मात्र हो । निरञ्जन भन्ने मानिसले ब्यापारी हुँ ठूलो कारोबार छ भनेर भनेकोले निजले रकम हिना मिना गर्दैनन होला भन्ने बिश्वासमा निजबाट रकम पठाएको हो । मैले उल्लेखीत रु.२,९०,००,०००।—( दुई करोड नब्बे लाख ) रकम भारत पठाए बापत सन्दिप गुप्ताबाट नगदै रु.३६,०००।— नेपाली रुपैया पाएको हो। सो रकम मैले निजबाट निजकै सुन पसलबाट लिएको हुँ । सो रकम मैले खर्च गरि सकें भन्ने समेत ब्यहोराको मिति २०७२।०५।०६ गतेको प्रतिवादी राम कुमार कुम्हारको बयान कागज ।

**ज) <u>प्रतिवादी सम्झना पोखरेल(गौतम)को बयानः</u>**

प्रतिबादी जेनी श्रेष्ठ मेरो लोग्नेको कान्छी श्रीमती हुन । निजसंग चिनजान भएको ३ महिना भयो । गीता पन्तलाई म यस मुद्दामा पक्राउ परेपछि चिनेको हो । प्रतिबादी केदार प्रसाद गौतम मेरो श्रीमान हुन । निजहरु कसै संग पनि मेरो रिसईबि छैन ।मैले स-परिवार सहित मिति २०७१ सालको चैत्र ३१ गते नेपाल छोडि गएकोमा मिति २०७२ सालको बैशाख १ गते भारतको सिलिगुडि पुगी सिलिगुडि को सालबारीमा बस्न थालेकि हुँ । मेरो श्रीमान् केदार प्रसाद गौतम कृषि बिकास बैक लि. शाखा स्यम्भुमा शाखा अधिकृत स्तरमा कार्यरत कर्मचारी थिए । निजले मिति २०७१ सालको माघ महिना मलाई धेरै ऋण लाग्यो ऋण तिर्न सक्दिन मैले १ जना बहिनी भेटेको छु बेल्जियमको कार्ड भएको उनीले मलाई पेपर म्यारिज गरेर लैजाने भनेकी छिन ३ महिनामा मेरो ग्रिन कार्ड बन्छ सो ३ महिना पछाडि निजले छोडपत्र गर्ने र म त्यहीबाट अमेरिका जान्छु र तिमी र बच्चा सहित अमेरिका बोलाउछु भने पछाडि मिति २०७१ ससाल फाल्गुण ११ गते सर्लाही जिल्ला रानीगञ्ज गा.वि.स. वडा नं. ६ प्रतापटोलबाट सासुको नाममा एकाहा पूजा लगाई मेरो छोरा सिद्दान्त गौतम समेतको ब्रर्तबन्ध गरेको अब अमेरिका जाने हो भनेर मैले आफ्नो मानिस बोलाए श्रीमानले पनि आफ्न्त र कृषि बिकास बैकका सबै कर्मचारीसाथीहरु बोलाई काठमाण्डौको तिनकुने स्थित रोयल पार्टि प्यालेसमा पार्टि दिएको सो पार्टिमा रु ३ लाख ५० हजार खर्च भयो भनेर मलाई भनेका थिए। सो भन्ने बेलामा नेपालमा आफन्तहरुलाई अमेरिकाको डिभी पर्यो भन्नु भनेका थिए । यस्तो कुरा भएको २ महिना पछाडि मेरो नाममा रहेको KIA को RIO कार समेत १२,५०,०००/- (बाह्र लाख पचास हजारमा) बिक्री गरी श्रीमान, छोरा र म गएको मा भारतको सिलिगुडिमा पुगी ३ महिना उतै बसेको हो । भारतमा बस्दा समेत श्रीमान् ले अमेरिका जाने कुरा गरी रहेका थिए । सो कारण नेपाल छोडि गएको हो मिति २०७२ /०३/१२ गते श्रीमान म बसेको भारतको सिलिगुडी सालबारी स्थित अपार्टमेन्टमा छोरालाई अन्तिम पल्ट भेट गर्न आएको हुँ भनेको थिए । किन अन्तिम पल्ट भनेर भनेको हो भनी सोध्दा मैले कृषि बिकास बैक लि. स्यम्भु शाखाको रकम हिना मिना गरेको छु मलाई नेपालको प्रहरीले खोजी गरि रहेको छ भनेपछी मैले त्यसो हो भने नेपालको काकडभिट्टामा गएर प्रहरी समक्ष आत्मसमर्पण गर्नु भागेर हुदैन प्रहरीले जहिले पनि समात्न सक्छ भनेकोमा मेरो कुनै नसुनी कोठाबाट निक्लेर गएका हुन । त्यसको भोलि पल्ट मेरो श्रीमानका साथि कुमार ओझाको माध्यमबाट उनीहरु बसेको सिलिगुडि स्थित होटलमा गएर पनि भाग्नु हुदैन आत्मसमर्पण गर्नु भन्दा

सो कुरामा कुनै मतलव नै गरेनन सोही दिन फेस बुकमा अनलाईन खबर रातो पाटीमा  कृषि बिकास बैंक लि. स्यम्भुको शाखाबाट रु ३४ करोड हिनामिना गरी केदार प्रसाद गौतम र निजको गिरोह फरार भन्ने समाचार प्रकाशित भएको रहेछ सो समाचार पढेपछी मात्र श्रीमानले उल्लेखित रकम रु ३४ करोड हिनामिना गरेको थाहा भएको थियो  । हाल  पक्राउ परेपछी कृषि विकास बैंक लि.बैंकिङ कार्यालय स्वयम्भुबाट निज श्रीमानले  रकम निकाली सरोज यादव समेतका विभिन्न व्यक्तिका नाममा खाता खोली खातामा रु.३३,९०,००, ०००/- जम्मा गराई खातावाला समेतले निकाली हानी नोक्सानी पुऱ्याएको भन्ने नेपाल राष्ट्र बैंकको पत्र समेतका प्रतिवेदनहरुबाट थाहा जानकारी हुन आयो ।निज श्रीमानले कुनै पनि रकम मेरो खातामा जम्मा गरेका छैनन । निज श्रीमानले सो  रकम के कसरी निकाली हिनामिना गरेका हुन सो रकम कहाँ राखेका छन  निजलाई नै थाहा होला ।मिसिल संलग्न रहेको मिति २०७२।०३।२८ गतेको बरामदी खान तलासी मुचुल्कामा उल्लेख भएको सुनिता शर्माको नामको भारतीय राशन कार्ड देखाउदा देखि पाए । सो कार्ड श्रीमानले मेरो लागि बनाएको हुनुपर्छ । कहाँ कसरी बनाएका हुन निजलाई नै थाहा होला सो कार्ड बनाएको हाल मात्र मलाई थाहा भयो मिसिल संलग्न रहेको मिति २०७२।०३।३० गतेको बरामदी मुचुल्कामा मेरो नाममा रहेको  मालपोत कार्यालय महोत्तरीको जग्गाधनी प्रमाणपत्र समेत देखाउदा देखि पाए । सो जग्गा मैले पहिला नै बिक्रि गरी सकेको जग्गा हो । सो जग्गा धनी प्रमाण पत्र मेरो माईतीमा राखेको अबस्थामा बरामद भएको रहेछ । कागजमा भए अनुसारको जग्गा अर्केको नाममा गई सकेको छ । बरामद राहदानी मैले काठमाण्डौबाट बनाएको हो । आज भन्दा ३/४ बर्ष अगाडि मेरो श्रीमानले बैंङकक घुम्न जाने भनेर बनाउन लगाएका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।०४।१३ गतेको प्रतिवादी सम्झना पोखरेल(गौतम)को बयान कागज ।

**झ) <u>प्रतिवादी सम्झना पोखरेल(गौतम)को (ततिम्बा) बयानः</u>**

प्रतिवादी सुमन भुजेल मैले सानै देखि चिनेको गाउँले भाई हुन । निजसंग मेरो नाता सम्बन्ध र ब्यापारीक सम्बन्ध समेत केही छैन । निजलाई मैले २०७१ सालको चैत्र महिनामा मेरो नाममा रहेको बा ८ च ३०६८ नंबरको कार रु.१२,५०,०००।- मा बिक्री गरी सो कार यातायात ब्यबस्था कार्यालय बागमतिबाट निजकै नाममा नामसारी गरिदिएकी हुँ । सो कार बिक्री गरि सकेपछि निजलाई हस्तान्तरण (दिनु) गर्नु पर्नेमा कारको Luck हरु बिग्रेकोले बनाएर दिने भन्ने कुरा भई नदिई राखिएको थियो । मैले जिल्ला झापा गा.बि.स. चारपाने वडा नं. ४ बस्ने देबी प्रसाद गिरीबाट ऐ को कि.नं. ४४२ क्षेत्रफल ०-१-१० जमिन मैले निज सुमन भुजेलको नाममा राजिनामा पास गराएकी हुँ। मेरो श्रीमानले जिल्ला झापा  गा.बि.स. चारपाने बस्ने बिपिन गिरीलाई रु.१५,००,०००।— सापटी रकम दिएकोमा निजले सापटी रकम फिर्ता गर्नका लागी खिचेर दिएका निजैको नामका चेकहरु बाउन्स भई रकम फिर्ता नभएकोले निज बिपिन गिरीले मलाई फोन गरेर बोलाई दाईसंग भएको  ब्यबहार मिलाउनु पऱ्यो दाईसंग लिएको रकम बराबरको जग्गा दिन्छु भनेर मलाई भनेको थियो । निजले त्यसो भनेपछि मैले जग्गा दिने भए हुन्छ भनेर भनेकोमा निजले निजको बुबा देबी प्रसाद गिरीको नामको जिल्ला झापा गा.बि.स. चारपाने वडा नं. ४ को कि.नं. ४४२ क्षेत्रफल ०-१-

१० जमिन दिने भन्ने भएपछि मैले सो जग्गा सुमन भुजेलको नाममा पास गरिदिएको हो । सुमन भुजेललाई बा ८ च ३०६८ नंबरको कार रु.१२,५०,०००।- मा बिक्री गरी सकेपछि पनि मेरो श्रीमानले उक्त कार निजलाई नदिएकोले सो कार बिक्री गरे बापत लिएको रकम रु.१२,५०,०००।- निजलाई फिर्ता गर्नु पर्नेमा मैले सो रकम फिर्ता नगरी सोही बापत उल्लेखीत जग्गा निजको नाममा पास गराई दिएकी हुँ । मेरो बहिनी श्रृजना पोखरेल र मेरो संयुक्त नाममा मेरो बुबाले दाईजोको रुपमा जिल्ला महोत्तरी को बर्दिबासमा १६ धुर जग्गा बकसपत्र गरी दिनु भएको थियो । सो जग्गा पछी बहिनीले आफ्नो हकदाबी छोडी मेरो नाममा एकलौटी पास गराएकी थिईन । पछि सो जग्गा मैले रु.६४,००,०००।— मा बिक्री गरेको हो । सो जग्गा बिक्रीबाट प्राप्त रकम मध्ये मेरो श्रीमान केदार प्रसाद गौतमले कृषि बिकास बैंकको अबकाश कोषबाट सोही जग्गा धितो राखि लिएको कर्जा रु.२९,००,०००।— तिरी बाँकी रहेको रु.३५,००,०००।— मैले मेरो नबिल बैंकमा राखेकोमा सो रकम लिनका लागि मैले बैंकको २ वटा खाली चेकहरुमा सहि ( दस्तखत ) गरी मेरो बहिनी श्रृजना पोखरेललाई दिएकी थिएँ । मेरो बहिनीले सो रकम के कसरी साटिन र कसलाई दिईन भन्ने मलाई थाहा छैन । मैले सुमन भुजेललाई कुनै रकम दिएको होईन । सो रकम सुमन भुजेलले कसरी पाए भन्ने मलाई थाहा छैन मैले कार बिक्री गरे बापत रकम लिई सकेपछि कार नदिएकोले मेरो श्रीमानसंग सल्लाह गरेर नै कार बापत लिएको रकम बराबर हुने गरी सुमन भुजेललाई जग्गा पास गराई दिएकी हुँ । मैले जग्गा पास गराई निज सुमन भुजेललाई कार बापत लिएको रकम फछ्र्यौट गरि सकेपछि पनि किन मेरो श्रीमानले निजलाई कार दिनु भनेर निजको दाजुलाई अऱ्हाए भन्ने मलाई थाहा छैन । रु.३५,००,०००।— रकम दाईजोको जग्गा बिक्रीबाट प्राप्त रकम बहिनीलाई दिएको हो । बैंकबवाट गैरकानुनी तवरले निकालेको रकम लुकाएको भन्ने होईन । म बसन्त राई भन्ने सुर्य बहादुर लिम्बुलाई चिन्दिन । राजिव थापा भन्ने कृष्णहरि थापालाई मैले चिनेको हुँ । तर निजले मलाई काकडभिट्टामा ऋतु प्रधानले पाउने गरी रु.५०,०००।— रकम पठाईदिनु भनेको र मैले रकम पठाएको समेत होईन किन कसरी मैले रकम पठाएको भनेर निज बसन्त राई भन्ने सुर्य बहादुर लिम्बुले बयानमा खुलाए मलाई थाहा छैन भन्ने समेत ब्यहोराको मिति २०७२।०४।३१ गतेको प्रतिवादी सम्झना पोखरेल(गौतम)को ततिम्बा बयान कागज ।

ञ) **<u>प्रतिवादी जेनी श्रेष्ठको बयानः</u>**

प्रतिबादी सम्झना पोखरेल मेरो लोग्नेको जेठी श्रीमती हुन । निजसंग चिनजान भएको ३ महिना भयो । गीता पन्तलाई मैले यस मुद्दामा पक्राउ परेपछि चिनेको हो । प्रतिबादी केदार प्रसाद गौतमसंग आज भन्दा ४ महिना अगाडि काठमाण्डौको तिनकुनेमा भेटभई चिनजान पछाडी करिब अ. ३ महिना अगाडि निजसंग विवाह गरेकी हुँ केदार प्रसाद गौतमसंग मेरो विवाह भए पछी निजले मेरा लागि किनेको सुन हो जुन बरामद भएको छ । बैंक अफ ईन्डियाको चेक बुक केदार प्रसाद गौतमले किन बनाए मलाई थाहा भएन Driving Licence चाही पोर्चुगलमा गएर Driving Licence बनाउनको लागि ईन्डियन Driving Licence भएमा सजिलो हुन्छ भनि बनाउन लगाएको हो । यो पनि केदार प्रसाद गौतमले बनाई ल्याएका हुन । यो नक्कली हो निज केदार प्रसाद गौतमसंग विवाह गरी सके पछी पनि

म पोर्चुगल गएको थिए । म पोर्चुगलमा भएको अबस्थामा म बिरामी छु तिमी नेपाल आउ भनेकाले म एक हप्ता बसी नेपाल फर्कि आएको थिए, नेपाल आए पछी निजसंगै काठमाण्डौमा बसि आएका थियौ । हामी संगै बस्ने क्रममा यहि असारको पहिलो हप्ता तिर मलाई जग्गाको धेरै टेन्सन भयो एक पटक दार्जलिङ तिर घुम्न जाउ र एक हप्ता जति बसि सके पछी फर्कि आउने, तिम्रो घरमा जाउला अनि तिमी पोर्चुगल जाउली म जग्गाको काम गर्छु भनेकाले म निजसंगै दार्जलिङ गएको हुँ र सो स्थानमा बसेको हुँ मेरा श्रीमान केदार प्रसाद गौतमले के कसरी कृषि विकास बैंक लि.बैकिङ कार्यालय स्वयम्भुबाट रकम निकाले मलाई थाहा भएन । मलाई सो अनियमिताको बारेमा मलाई केही भनेका पनि थिएन । मलाई केही रकम दिएका छैनन । हामी बस्ने खाने क्रममा खाने बस्ने क्रममा कैले मैले तिर्ने कहिले निजले तिर्ने गरेका थियौ कहिले काही केही पैसा खर्चको लागि लिएको हुँला सो भन्दा बाहेक केही लिएको छैन निज प्रतिबादी केदार प्रसाद गौतमलाई मैले आज भन्दा ३ महिना अगाडि काठमाण्डौ तिनकुनेमा रहेको सिद्दार्थ कटेजमा चिनेको हो । निजले सो भेटमा आफूले कृषि बिकास बैक लि.  स्वयम्भुमा मेनेजर पदमा कार्यरत छु भनी मलाई भनेका थिए । सो भेट भएको ३ दिन पछाडि म निजको काम गर्ने अफिसमा गए । त्यस पछाडि भेटघाट हुदै गयो  श्रीमती मरेको हो छोरा छोरी छैनन भनेर बिस्वास दिलाएकोले  निजसंग बिवाह गर्न भनी भारत पुगी भारतको सिलगुडिमा पुगेर बिवाह बन्धनमा बाँधिएका हौ । घरमा जेठी श्रीमती  रहिछन भन्ने कुरा मलाई बिबाह गरे पछि मात्र थाहा भयो ।  बिवाह गरेर बसी रहेको अवस्थामा मिति २०७२ सालको असार महिनामा निज केदार प्रसाद गौतमले कृषि बिकास बैक लि. मा  रु. ३४ करोड रकम हिनामिना गरेको र निजको नाईके समेत फरार भन्ने लेखिएको  फेसबुक बाट थाहा जानकारी भए पछी  निज केदार प्रसाद गौतमलाई यो नाम गरेको मानिस तपाई  नै होईन फेसबुकमा त यस्तो लेखिएको छ भन्दा हो यो मानिस म नै हुँ । रकम हिनामिना गरेपछि पुलिसको नजरबाट बच्नलाई तिमीसंग बिबाह गरी आएको हुँ भनेका थिए । त्यसपछि म फर्केर नेपाल जान्छु भन्दा तिमी नजाउ यतै बाट बिदेश पोर्चुगल जाउ भनेका थिए । यति धेरै रकम कहाँ राखेका छौ भन्दा राजिब  नाम गरेको साथीले फसायो उल्लेखित रकम राजिव संगै छ । भारतमा जग्गा र अपार्टमेन्टको  कारोबार गरेका छौ । रकम त्यही लगानी भएको छ  भनेका थिए । निज केदार प्रसाद गौतमले मलाई पटक पटक गरी हाल सम्म रु. १ लाख ३० हजार नेपाली रकम दिएका छन । सो रकम निजले कृषि बिकास बैक लि. बाट हिनामिना गरेको रकम मध्ये कै हो । सो बाहेक निज केदार प्रसाद गौतमले मलाई  रु २ लाख ७० हजार को  सुन  किनि दिएका छन । सो सुन बरामद भई सकेको छ । बरामद भई आएको नगद रु १ लाख पनि निजै केदार प्रसाद गौतमले दिएको रकम हो मसंगै बैंक अफ ईन्डियाको चेकबुकमा फोटो भएका  प्रेम शर्मा भन्ने ब्यक्ति मेरो श्रीमान केदार प्रसाद गौतम हुन । निजले मेरो भारतमा ब्यापार ब्यबशाय छ र मलाई यहाँ प्रेम शर्मा भनेर चिन्छन भनेका थिए । किन र कसरी निजले आफ्नो वास्तबिक नाम नलेखाई प्रेम शर्मा भनेर लेखाए भन्ने बारेमा मलाई थाहा छैन भन्ने समेत ब्यहोराको मिति २०७२।०४।१३ गतेको प्रतिवादी जेनी श्रेष्ठको बयान कागज ।

## ट) प्रतिवादी गीता पन्तको बयानः

कृषि विका बैंक लि.को बैंकिङ कार्यालय स्वयम्भू शाखामा लेखपाल कार्यरत रहेको छु । उक्त शाखामा ग्राहकहरुबाट भुक्तानीको लागी प्राप्त हुन आएका चेकहरु नियमानुसार भुक्तानी गर्न मिल्ने भएमा भुक्तानी गर्ने र ग्राहकहरुबाट जम्मा गर्न भनेर जम्मा भौचर सहित ल्याएको रकम जम्मा गर्ने रहेको थियो । म Customer Relation ( Front Desk ) मा काम गर्दा मेरो कम्प्युटरमा पहुँच थियो । कम्प्युटरमा Core Banking System मा काम गर्नका लागी कम्प्युटरको पासवर्डको सुरक्षाको लागी System ले नै पासवर्ड परिवर्तन गर्नका लागी Alert गराए पछि मैले पासवर्ड परिवर्तन गर्ने गरेको थिएँ । यसरी काम गर्दा मैले मेरो पासवर्ड २/३ पटक सम्म परिवर्तन गरेको थिएँ । साथै पासवर्ड कम्प्युटरमा Entry गर्दा सकेसम्म कसैलाई पनि नदेखाई Entry गर्ने गरेको थिएँ । मिति २०७२।०३।०९ गते दिनको १०:०० बजे म बैंकमा आई हाजिर गर्नका लागी प्रबन्धकको कार्यकक्षमा जाने क्रममा शाखा अधिकृत उद्दव रिजाल र अर्का शाखा अधिकृत शशी दाहाल ले मलाई बाटोमा नै रोकी तिमिले Fund Transfer सम्बन्धि के काम गरेकी थियौ तिम्रो नाममा Pending मा रु.१०,००,०००।- देखिन्छ । के भएको हो भनेर सोधेकोमा मैले Fund Transfer सम्बन्धी कुनै पनि काम नगरेकोले मैले के कसरी मेरो नाममा उक्त रकम Pending रहेको हो भनेर खोजी गरेकोमा चेक र भौचरहरु नपाईएको शाखा प्रबन्धक भरत बानियाँ संग समेत सो रकम बारेमा सोधखोज गरेकोमा निजले पनि सो बारेमा थाहा नभएको बताएपछि निज बैंकको लेखा प्रशासनमा गई सो रकम हेरी सकेपछी पनि रकम प्राप्त भएको र भुक्तानी गर्नु पर्ने कुरामा एकिन हुन नसकेपछि Pending मा रहेको सो रकमSystem बाट Delete गरेछन। यसरी उक्त रकम System बाट Delete भएको भन्ने मैले थाहा पाएपछि System खोली हेर्दा मेरो नामबाट बिगतमा बैंकबाट Remittance सम्बन्धी Input भएका थुप्रै कारोबारहरु बैंकमा कार्यरत शा.अ. केदार प्रसाद गौतमबाट Authorized भएको देखिएको भनि मलाई ज्योति जोशीले भनेपछि मेरो नामबाट Input भएका Remittance सम्बन्धी कारोबारहरुको बारेमा थाहा पाई सो को Input समेत नगरेको कारणले मेरो Password चोरी गरी मैरै Password प्रयोग गरी कार्यालय समय ( Working Hour) भन्दा पछि Input भएका Remittance सम्बन्धी कारोबारहरु कोही कसैले बदनियतसाथ गरेको हो भन्ने कुरामा एकिन भई छानविनका लागी मैले लिखित रुपमा कार्यालयका शाखा प्रबन्धकलाई सम्बोधन गरी निवेदन समेत दिएकी थिएँ । मेरो Password चोरी गरी सोही Password प्रयोग गरी निजहरुको नाममा Remittance बाट रकम आएको भनि निजहरुको खातामा रकम जम्मा गरी गराई बैंकमा कार्यरत शा.अ. केदार प्रसाद गौतमले उल्लेखीत ग्राहकहरु समेतका बिभिन्न मानिसहरुको नाममा Remittance बाट रकम आएको देखाई जालसाजी गरी बैंकबाट जम्मा रु.३३,९३,००,०००।- रकम निकाली अनियमित र कसूर जन्य कार्य गरेका रहेछन खाता खोल्न खातावालाहरु स्वयं नै उपस्थित भएका र प्राप्त कागजातहरु समेत हेरी एकिन गरी खाताहरु खोल्ने कामको बिवरण Input गर्ने काम मैले गरेको हो। मैले र मेरो बुबाले जिल्ला काठमाण्डौ ईचंङगु नारायणमा घर खरिद गर्दा मलाई तत्काल सापटी रकम आबश्यक परेकोले बैंकका शाखा प्रबन्धक भरत बहादुर बानिँयासंग मैले केही दिनको लागी रु.१०,००,०००।- (दश लाख) सापटी मागेकोमा निजले मलाई पटक पटक गरी रु.१०,००,०००।- (दश लाख) नगदै सापटी दिएका थिए । मैले घर खरिद गर्दा लिएको उक्त

रकम निजै भरत बहादुर बानियाँलाई तिरी सकेको छु । हाल बुझ्दा मलाई सापटी दिएको उक्त रकम निज भरत बहादुर बानिँयाले शा.अ. केदार प्रसाद गौतमसंग लिई मलाई दिएका रहेछन भन्ने थाहा पाएकी छु भन्ने समेत ब्यहोराको मिति २०७२।०४।१३ गतेको प्रतिबादी गीता पन्तको बयान कागज ।

**ठ) <u>प्रतिवादी सागर थापाको बयानः</u>**

तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतम करिब ४ बर्ष अघिदेखि चिनजान भएका मैले दाई भनेर बोलाउने मानिस हुन । निजलाई मैले आफूले कृषि बिकास बैंकबाट कर्जा लिने सिलसिलामा चिनजान गरेको हुँ । पछि मेरो धितो कमजोर भएको कारणले मैले कर्जा लिईन । शाखा प्रबन्धक भरत बहादुर बानियालाई कृषि बिकास बैंकको शाखा कार्यालय स्वयम्भुमा गएको बेलामा देखेको छु। निजसंग चिनजान छैन । लेखपाल गीता पन्तलाई म चिन्दिन । सरोज यादब, रंजित भट्टराई, बलराम के.सी., नागेन प्रधान, नबिन गुरुङ, सुमन शर्मा, रबि कार्की, गोबिन्द भण्डारी, गगन प्रधान, महेन्द्र राई, बसन्त राई र अर्जुन भण्डारी मध्येका ४ जनालाई म देखेमा अनुहारले चिन्छु । नामले चिन्न सक्दिन । निजहरु मध्येका ४ जना मानिसहरुलाई मैले तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमसंगै मेरो बा ७ च १३५ नंबरको कारमा राखि काठमाण्डौको बानेश्वर, सुन्धारा र पुतलीसडक समेतमा लिएर गएको हुनाले मैले निजहरुलाई देखेको हुँ । को को कस कसको नाम के हो भन्ने मलाई थाहा भएन । राजिव थापा भन्ने कृष्णहरि थापालाई करिब ३ बर्ष अघि देखी चिन्छु । निजसंग मेरो चिनजान तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले गराएका हुन । केदार प्रसाद गौतम, राजिव थापा भन्ने कृष्णहरि थापा र म भेटघाट भईरहने साथी हौं । मलाई कृषि बिकास बैंक लि. स्वयम्भू शाखाबाट केदार प्रसाद गौतम समेतले अनियमित र गैरकानुनी तवरबाट रु.३३,९३,००,०००।- रकम निकाली लिई बैंकलाई हानी नोक्सानी पुऱ्याएको बारेमा थाहा जानकारी छैन ।मैले नक्कली नागरिकता बनाएको, नक्कली नागरिकताको आधारमा बैंकमा खाता खोलाएको र खातामा जम्मा गरेको रकम भुक्तानी लिई लगेको समेत होईन मैले बसन्त राई भन्ने सूर्य बहादुर लिम्बुलाई काठमान्डौको बानेश्वरबाट सुन्धारा लिएर गएको हुँ । निजलाई मैले सुन्धाराको आकासे पुलमा छाडी दिएको हुँ । सो बेला मेरो गाडीमा केदार प्रसाद गौतम, अर्जुन भन्डारी र गगन प्रधान नामका अरु ३ जना मानिस पनि थिए । सुन्धाराको आकासे पुलमा राजिव थापा भन्ने कृष्णहरी थापा पनि भेट भयो । राजिव थापा भन्ने कृष्णहरी थापालाई भेटे मेरो गाडीमा भएका पछि केदार प्रसाद गौतम, अर्जुन भन्डारी र गगन प्रधान र बसन्त राई सबैजना गाडीबाट ओर्लिए । अनि म पुनः बानेश्वर फर्के । गाडीमा छँदा मैले कर्जाको बारेमा केदार प्रसाद गौतमसंग कुरा गरेको हुँ । म बसन्त राईको खाता खोल्दा बैंकमा गएको छैन । निजको नाममा खाता खोल्दा भरिएको बिवरण मैले भरेको होईन । मैले निजको नामको नक्कली नागरिकता बनाएको पनि होईन । म कृषि बिकास बैंकको पुतलीसडक शाखामा गएकै छैन । मैले कुनै बिवरण भरेको र बसन्त राईको नाममा खाता खोलाएको समेत होईन । किन र कसरी बसन्त राई भन्ने सूर्य बहादुर लिम्बुले आफ्नो बयानमा उक्त ब्यहोरा खुलाए भन्ने मलाई थाहा भएन । मैले कृषि बिकास बैंकबाट मेरो बार्सिलोना एजुकेशन

नेटवर्क नामको बिद्यालय संचालनको लागी ब्यापारिक कर्जा लिनको लागी निज केदार प्रसाद गौतमसंग कुरा गर्दा चिनजान भएको हो । सो कर्जाको लागी मैले धितो दिन खोजेको जिल्ला काठमाण्डौ, दक्षिणकाली गा.बि.स.को जग्गा कमजोर भएकोले मैले कर्जा कारोबार गर्न पाईन । त्यसै बेलादेखि निजलाई मैले चिनेको हुँ भन्ने समेत ब्यहोराको मिति २०७२।११।२८ गतेको प्रतिवादी सागर थापाको बयान कागज ।

## ३. मौकामा बुझिएका मानिसहरुले गरेको घटना विवरण कागजः

### क) बिन्दा कुमारी खड्काको घटना विबरण कागजः-

मैले जिल्ला भक्तपुर, सुर्यविनायक वडा नं. ४ दधिकोट स्थितमा विनिता फेन्सी सपको नाममा कपडा पसल गर्दै आएको छु । मेरो परिवारमा मेरो श्रीमान टिकाराम खड्का, सासु आमा सिमा माया खड्का, ससुरा मान बहादुर खड्का म समेत गरि चार जना छौ भने माईतीघर तर्फ मेरो बुवा यज्ञ बहादुर थापा, आमा गोमा कुमारी थापा, दिदि बहिनिहरु राधिका के.सी., मन्जु थापा, जेठो भाई कृष्ण हरि थापा र कान्छो भाई दिनेश थापा छन । यसभन्दा अगाडी म लगायत हाम्रो सम्पुर्ण परिवार रामेछाप जिल्ला डडुवा गा.वि.स. वडा नं. १ थापागाँउमा बस्दै आएकोमा अ. २०६८ सालतिर मेरो विवाह भएपश्चात मेरो माईतीघरका परिवार समेत बसाई सरि भक्तपुरमा आई बसेका हुन । मेरो दुई भाई मध्ये प्रस्तुत कसूरका प्रतिवादी राजिव खत्री भन्ने कृष्ण हरि थापा मेरो आफ्नै जेठो भाई हुन । कान्छो भाई दिनेश थापा भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नम. ४ मा बस्दै आएका छन । जेठो भाई कृष्ण हरि थापाले ८/९ कक्षा पढ्दा पढ्दै अ. १५ वर्षको उमेरमा मागी बिहे भएपश्चात निज घरबाट भागी छिमेकी मुलुक भारत गएका थिए । निजको एक सन्तान (छोरी) को जन्म भएपछि पनि नेपाल नआएपछि निजको श्रीमती उमा थापाले अर्कै व्यक्तिसँग विवाह गरि गईसकेको र हाल छोरी लक्ष्मी थापाको समेत विवाह भईसकेको छ । त्यसपछि मेरो विवाह भएपछि निज एक पटक नेपाल आएको थाहा छ । त्यस समय यता निज नेपाल आएको भन्ने मलाई थाहा छैन । निजसँग फेसबुक, व्हाटसएप, टिकटक लगायतका सामाजिक संजालहरुमा समेत देखभेट भएको छैन । निज सानो उमेरमा नै भारत गई सम्पर्क बिहिन भई बसेको हुँदा निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु समेत छैनन, निजले के-कस्तो पेशा गर्छन, विवाह गरेका छन वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, मेरो भाई राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमित र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।- रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयमा आई सोही घटनाको सम्बन्धमा कागज समेत

गरेको हुँदा थाहा पाएको थिएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गतेको विन्दा कुमारी खड्काको घटना विवरण कागज।

**ख) <u>टीकाराम खड्काको घटना विबरण कागजः</u>**

मैले घरजग्गा खरिद बिक्री सम्बन्धी कारोवार गर्छु । मैले पढे लेखेको छैन । मेरो बुवा मान बहादुर खड्का, आमा शिवामाया खड्का, श्रीमती बिन्दा कुमारी खड्का र म गरि चार जना छौ । प्रस्तुत कसूरका प्रतिवादी राजिव खत्री भन्ने कृष्णहरि थापा मेरो श्रीमतीको जेठो भाई र मेरो सालो हुन। मैले बिन्दा कुमारी खड्कासँग अ. २०६२ सालमा विवाह गर्दा निज भारतमा बस्दै आएका थिए हालसम्म पनि निज घर आएको भन्ने मलाई थाहा छैन । निज राजिव भन्ने कृष्णहरि थापा मेरो विवाह हुनु भन्दा अगाडी नै विवाहित थिए र निजको एक छोरी पनि थिईन । मलाई जानकारी भएसम्म निज कृष्णहरि थापा परिवारको सम्पर्कमा समेत नआएको र श्रीमतीलाई वेवास्ता गरेपछि निजको श्रीमती उमा थापा अर्कै व्यक्तिसँग विवाह गरि छोरीलाई समेत साथै लिई गएकी हुन । हाल निजको छोरी लक्ष्मी थापाको पनि विवाह भईसकेको छ भन्ने सुनेको हुँ । मैले सामाजिक संजालहरु मध्ये फेसबुक, व्हाटसएप, भाईवर चलाउने गरेको छु तर निज कृष्णहरि थापासँग मैले प्रयोग गर्ने उक्त सामाजिक संजालहरुमा समेत देखभेट तथा सम्पर्क भएको छैन । निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु समेत मसँग केही छैन, निजले भारतमा के-कस्तो पेशा गर्छन, भारतमा अर्को विवाह गरेका छन् वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, सालो राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमित र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।— (तेत्तिस करोड त्रीयानब्बे लाख) रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयमा आई सोही घटनाको सम्बन्धमा कागज समेत गरेको हुँदा थाहा पाएको थिएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गतेको टिकाराम खड्काको घट्ना विवरण कागज।

**ग) <u>यग्य बहादुर थापाको घटना विबरण कागजः</u>**

म र मेरो श्रीमती गोमा कुमारी थापाको तीन छोरी र २ छोरा गरि जम्मा पाँच जना सन्तान हुन । प्रस्तुत मुद्दाका प्रतिवादी राजिव भन्ने कृष्णहरि थापा जेठो छोरा र दिनेश थापा कान्छो छोरा हुन। मेरो नाममा रामेछाप जिल्ला साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गा.पा. वडा नं. १ स्थितमा अ. १८/२० रोपनी जति जग्गा जमिन छ । सोहि पुख्यौंली सम्पत्तिबाट कान्छो छोरा दिनेश थापालाई निजको हकभोग अशं दिई छुटी भिन्न भई बसेका छन भने जेठो छोरो कृष्णहरि थापाको अशं समेत मसँगै छ । मेरो परिवार पहिले रामेछाप जिल्ला साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गा.पा. वडा नं. १ बस्दै आएकोमा अ. २०७० सालतिर भक्तपुर जिल्ला

सुर्यविनायक नगरपलिका वडा नं. ४ दधिकोट आई बसेको र अ. २०८३ जेठ महिनातिर रामेछाप जिल्लाबाट श्रीमती, कान्छो छोरा बुहारी नाती नातिना र मेरो नाममा बसाई सराईको कागज गरि लिएको हो । निज जेठो छोरा कृष्ण हरि थापाको १५ वर्ष हुँदा मागि विवाह गराई दिएको थिएँ । बुहारी २ महिनाको गर्भवती हुँदा निज भारत गएकोमा नातिनी लक्ष्मी ३ वर्षको हुँदा एक पटक घर आएको थियो सोही समयमा मैले उसको नागरिकता र नातिनीको जन्मदर्ता समेत बनाएको हो । सो समयमा मैले निजलाई अशं लिई श्रीमती र छोरीसाथै बस भनि भन्दा निजले त्यसो गर्न अस्विकार गरि पुन भारत नै फर्किएका थिए । लामो समयसम्म पनि कृष्णहरि थापा घर नआई परिवारसँग सम्पर्क समेत हुन छोडेपछि मैले बुहारी उमा थापालाई छोराले वेवास्ता गरेपनि नातिनी छ छोराको भागको अशं दिन्छु यही घरमा बस भनेको थिए तर केही वर्षपछि बुहारी उमा थापा नातिनी लक्ष्मी थापालाई समेत आफैसँग लिई घरबाट निस्की गएकी थिईन । जेठो छोरा कृष्ण हरि थापाको छोरी लक्ष्मी थापाको लमजुङमा विवाह भई हाल चितवनमा बसोवास गर्दै आएकी छिन । निज नातिनी लक्ष्मी थापाले विवाह गरेको भनि निजले विहे गरेको ६/७ वर्ष पछि मात्र थाहा पाएको हुँ । निज राजिव खत्री भन्ने कृष्णहरि थापा सानो उमेरदेखि नै भारत गई सम्पर्क बिहिन भई बसेको हुँदा निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु मसँग छैनन, निजले के-कस्तो पेशा गर्छन, निजले भारतमा विवाह गरेका छन वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमसँग मिलि बैंकबाट अनियमिता गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, मेरो छोरा राजिव थापा भन्ने कृष्णहरि थापाले ३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमिता र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।— (तेत्तिस करोड त्रियानब्बे लाख) रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयबाट सोधपुछ गरेको हुँदा थाहा पाएको थिएँ तर छोरा कृष्ण हरि थापा समेतले यती ठूलो रकम हिनामना गरेको रहेछन भनि हाल आएर थाहा पाएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गतेको यग्य बहादुर थापाको घट्ना विवरण कागज।

**घ) <u>दिनेश थापाको घटना विबरण कागजः</u>**

मैले हाल बसोबास गर्दै आएको भक्तपुरमा गाई फर्म खोली पशुपालन व्यवसाय गर्दै आएको छु । मेरो परिवारमा म र मेरो श्रीमती सम्झना पौडेल थापा दिपसना थापा र दियान्स थापा गरि चार जना छौ । प्रतिवादी राजिव खत्री भन्ने कृष्ण हरि थापा मेरो जेठो दाई हुन । म लगायत मेरो बुवा आमा सहितको परिवार पहिले जिल्ला रामेछाप साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गा.पा. वडा नं. १ बस्दै आएकोमा अ. २०७० सालतिर भक्तपुर जिल्ला सुर्यविनायक नगरपलिका वडा नं. ४ दधिकोट आई बसेको र अ. २०८३ जेठ महिनातिर रामेछाप जिल्लाबाट बुवा आमा, श्रीमती, छोरा, छोरी र मेरो नाममा बसाई सराईको कागज गरि लिएको हो । बुवा आमासँग मेरो भागको अशं लिई छुटी भिन्न भईसकेको हुँदा रामेछापमा दाजु कृष्णहरि थापाको नाममा पुर्ख्यौली

सम्पत्ति अझै रहेको छ । निज कृष्ण हरि थापा ९ कक्षा पढ्दापढ्दै मागी विवाह भएपश्चात अ. २०५८ सालमा निज भारत गएका थिए । त्यसपछि निज अ. २०६२/०६३ सालतिर घर आएको समयमा होटलमा काम गर्छु, भारतको बैङगलोरमा बस्छु भनि भनेका थिए । त्यसपछी म वि.स.२०६६ सालमा वैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरिया गएकोमा वि.स. २०७४ सालमा नेपाल फर्किएको थिएँ । दाई कृष्णहरि थापा घर नआई परिवारसँग सम्पर्क समेत हुन छोडेपछि भाउजु उमा थापाले अर्कै व्यक्तिसँग विवाह गरि छोरी लक्ष्मी थापालाई समेत आफैसँग लिई गएकी हुन । हाल जेठो दाई कृष्ण हरि थापाको छोरी लक्ष्मी थापाको समेत लमजुङ जिल्लामा विवाह भईसकेको छ भनि सुनेको छु । मैले सामाजिक संजालहरु फेसबुक म्यासेन्जर, व्हाटसएप र भाईवर चलाउने गेको छु तर उक्त संजालहरुमा समेत निज राजिव भनन्ने कृष्णहरि थापासँग देखभेट तथा सम्पर्कमा छैनन । निज सानो उमेरमा नै भारत गई सम्पर्क बिहिन भई बसेको हुँदा निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु समेत छैनन, निजले के-कस्तो पेशा गर्छन, विवाह गरेका छन वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, मेरो भाई राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमित र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।- रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयबाट सोधपुछ गरेको हुँदा थाहा पाएको थिएँ तर निज कृष्ण हरि थापा समेतले यती ठुलो रकम हिनामना गरेको रहेछन भनि हाल थाहा पाएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गतेको दिनेश थापाको घट्ना विवरण कागज।

४. **<u>मुल अभियोगमा तत्काल पक्राउ परेका प्रतिवादीहरु उपरको अभियोग दाविको संक्षिप्त व्यहोराः-</u>**

**क) प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमको हकमाः**

प्रतिवादीले राजिव थापा भन्ने कृष्णहरि थापासँग मिलि बैंकबाट अनियमितता गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई आफू कार्यरत रहेको बैंकको शाखा कार्यालय स्वयम्भुको CBS (Core Banking System) को कमजोरी पत्ता लगाई सो को दुरुपयोग गरी भारत समेतमा बसोबास रहेका बलराम के.सी., नागेन प्रधान, नबिन गुरुङ, रंजित भट्टराईको नाम राखि नक्कली नागरिकता बनाई सोही नागरिकता पेश गरी गराई बैंकको शाखा कार्यालय स्वयम्भुमा खाता खोली रकम निकाल्नको लागि लेखपाल गीता पन्तको पासवर्ड गोप्य तवरले लिई बैंकको CBS नभएका विभिन्न शाखाहरुबाट रेमिट Software ले स्वीकार गर्ने नक्कली कोड नं. राखि रेमिट मार्फत निज खातावालहरुको खातामा जम्मा हुने गरी रकम आएको भन्ने देखाई खातावालाहरु रन्जित भट्टराई, सरोज यादव, नबिन

गुरुङ र बलराम के.सी. को खातामा रकम आएको भनि Input गरी निज प्रतिवादी केदार प्रसाद गौतमले Authorize गरी निज खातावालहरुको खातामा System बाट जम्मा गराएको र ति खाताहरुमा रकम जम्मा भई सके पश्चात नक्कली नेपाली नागरिकता बनाईएका सुमन शर्मा, रबि कार्की, गोबिन्द भण्डारी, गगन प्रधान, महेन्द्र राई, बसन्त राई, अर्जुन भण्डारी र सरोज यादबलाई बैंकको न्यूरोड, रत्नपार्क, मंगलबजार, बालाजु, पुतलीसडक समेतका विभिन्न शाखामा खाता खोलाई ति खताहरुमा उल्लखित रकमहरुलाई भाग लगाई जम्मा गराएकोमा ABBS बाट जम्मा भएका शाखाहरुबाट र ECC बाट सिभिल बैंक लि., माछ्रापुच्छ्रे बैंक लि., NIBL, मेघा बैंक लि., सेन्चुरी बैंक लि., सानिमा बैंक लि. र लुम्बिनी बैंक लि. समेतका बैंकहरुबाट मिति २०७१/०६/१० गते देखि मिति २०७२/०३/०७ गते सम्म ५५ पटक गरी जम्मा रु.३३,९३,३९,८७२।७१ रकम जम्मा गराई जम्मा गराएको रकमबाट सो रकम निज खातावालाहरुलाई निकाल्न लगाई निज प्रतिवादी तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमले गरेको उल्लेखित कसूर बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिमको कसूर अपराध गरेको पुष्टी भएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १५ (२) (घ) बमोजिम सजाय हुन अनुरोध छ ।

साथै प्रतिवादी केदार प्रसाद गौतमले बैंकबाट अनियमित गरी निकालेको रकम मध्ये बसन्त राई समेतका मानिसहरुको खातामा रु. ५३,२०,३७२/७१ बाँकी नै रहेको, निज तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमले तेज वहादुर थापाको नामबाट नक्कली नागरिकता निकाली सो नागरिकरताको आधारमा सेन्चुरी कमर्शियल बैंक लि.मा जम्मा गरेको रु.२५,०३,७३५/१३ रकम सोही बैंकमा जम्मा रहेको साथै प्रतिवादी तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमबाट नेपाली रुपैया, भारतिय रुपैया र अमेरिकी डलर गरी ने.रु.मा रु.१,१५,०६०/- बरामद भएको, प्रतिवादी केदार प्रसाद गौतमले सापट दिएको रकम मध्ये तेज राज ढकाल समेतका ५ जनाबाट यस ब्यूरोमा जम्मा ल्याएको रु.१७,००,०००/-, र प्रतिवादी संदिप गुप्ताले एडभान्स लिएको रु.१,२०,०००/ दाखिला गरेको र बरामद सुनको मुल्य मुचुल्काबाट कायम हुन आएको रकम जम्मा रु.५,६३,५८४।— र प्रेम हरी ढुंगेलबाट दाखिला हुन आएको रु.१,००,०००।- समेत गरी जम्मा रु.९८,५९,१६७।८४ लाई रु.३३,९३,३९,८७२।७१ बाट घटाई हुन आउने रु.३२,९४,८०,७०४।८७ हानी नोक्सानी भएको देखिएकोले निज प्रतिवादी केदार प्रसाद गौतमबाट सो को साँवा व्याज समेत बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १५(२) बमोजिम कृषि विकास बैंकलाई दिलाई भराई रु.३३,९३,३९,८७२।७१ जरिवाना समेत हुन अनुरोध छ ।

**ख) प्रतिवादीहरु भरत बहादुर बाँनियाँ, गीता पन्त र जेनी श्रेष्ठ गौतमको हकमाः**

प्रतिवादी मध्यका भरत बहादुर बानियोंको शाखा प्रबन्धकको हैसियतले आफु कार्यरत बैंकको रेमिट समेतको आर्थिक कारोवार, कर्मचारीहरुको रेखदेख र नियन्त्रण, ब्यवस्थापन, अभिलेख जाँच र व्यवस्थापन समेतको सम्पूर्ण जिम्मेवारी र दायित्व रहेकोमा निज सो दायित्ववाट विमुख भई प्रतिबादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमको बैंकको नीति नियम विपरितका कृयाकलापहरुमा कुनै ध्यान नदिई बेवास्ता गरेको, लामो समय देखि बैंकमा भइरहेको अनियमित र गैरकानुनी कार्यको कुनै

चेकजाँच नगरेको, बैंकको दैनिक कारोवार बैंकको System मा र कागजातहरुमा चेकजाँच नै नगरी बैंकका वित्तीय विवरणहरुको कुनै अनुगमन र ननिरीक्षण समेत नगरी नगराई तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमलाई आफूखुशी गर्न छुट दिई निजले गरेको अनियमित र गैरकानुनी कार्यको कुनै अनुगमन र निरीक्षण नगरेको कारणले बैंकलाई रु.३३.९३,३९.८७२।७१ रकम हानी नोक्सानी भएको, अर्का प्रतिवादी गीता पन्तले आफ्नो पासबर्डको सुरक्षा निजैले गर्नु पर्ने भन्ने बैंकको नीति नियम र सावधानी समेत नअपनाई निजको पासवर्डबाट गैरकानुनी तवरले रकम जम्मा गर्ने कार्यको Input भएको, लामो समयसम्म निजैको पासबर्डबाट Input अनियमित र गैरकानुनी तवरवाट रकम जम्मा तथा Transfer भईरहँदा समेत सो कुराको वेवास्ता गरेको, निजले आफूले गरेको काम र गर्नु पर्ने कामको बारेमा कुनै ख्याल नगरी आफ्नो जिम्मेवारी, कर्तव्य र जवाफदेहिता प्रति विमुख भएको कारणवाट बैंकलाई रु.३३,९३.३९.८७२।७१ रकन हानी नोक्सानी भएको र प्रतिबादी जेनी श्रेष्ठ, तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतम नेपालबाट भागी फरार भइ विदेश जाने कार्यमा सहयोगी बनेको, तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले अनियमित गरेको रकम मध्ये रु. १,३०,०००/- प्रयोग गरेको, प्रतिबादी तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमले तेज बहादुर थापाको नाममा नागरिकता र राहदानी बनाएको, निजले प्रेम शर्माको नाममा भारतमा परिचयपत्र समेतका विभिन्न कागजातहरु बनाएको र निजैको नाममा नकली भारतिय लाईसेन्स बनाएको समेत थाहा हुँदा हुँदै निज तेज बहादुर थापा भन्न केदार प्रसाद गौतमलाई कसूरवाट प्राप्त रकम लुकाउने र प्रयोग गर्ने र निजलाई भारत भगाउने समेतको कार्यमा प्रतिवादी जेनी श्रेष्ठ समेत संलग्न रहेको देखिएकोले निज प्रतिवादीहरु भरत बहादुर बानियाँ, गीता पन्त र जेनी श्रेष्ठले गरेको उल्लेखित कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १४ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादी भरत बहादुर वानिया, गीता पन्त र जेनी श्रेष्ठलाई सोही ऐनको दफा १५ (६) बमोजिम सजाय हुन मागदावी लिईएको छ।

**ग) प्रतिवादीहरु सम्झना पोखरेल गौतम र सुमन भुजेलको हकमाः**

प्रतिवादी सम्झना पोखरेललाई निजको श्रीमान तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतम घरजग्गाको कारोवारबाट घाटामा परेको कारणले आर्थिक अवस्था कमजोर भएकोमा पछि निज प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले बैंकवाट अनियमित तवरले रकम निकाली अस्वभाविक रुपमा निजले लिएको कर्जा तिर्ने र आफूलाई रमहरु दिई अस्वभाविक रकमको कारोबार गरेर अनियमितता भए गरेको बारेमा थाहा जानकारी हुँदाहुँदै निजले निकालेको रकमबाटै प्रतिवादी सुमन भुजेललाई रु.१५,००,०००।- को जग्गा र रु.३५,००,०००।- नगदै दिई कुल जम्मा रु.५०,००,०००।- दिएको तथा अनियमितता गरी लिईएको रकम आफूले समेत प्रयोग गरी कसूर अपराधबाट बच्नको लागि आफू समेत भागी भारतको सिल्लीगुडीमा गई बसेकोले निज प्रतिवादीले बैंकवाट गैरकानूनी तवरबाट निकाली लिएको रकम लिने खाने र लुकाउने समेतको कार्य गरेको र अर्का प्रतिवादी सुमन भुजेलले तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले कृषि विकास बैंक लि.बाट अनियमित गरी ल्याएको रकम हो भन्ने थाहा नभएको तथा निजको कार किनेको र सो कार नदिएका कारण धितो स्वरुप जग्गा लिएको भनि कसुरमा ईन्कार रहेतापनि प्रतिवादी सम्झना भुजेल मार्फत

बैंकबाट अनियमित र गैरकानुनी तवरबाट निकाली लिएको रकम र सोही रकमबाट प्राप्त जग्गा कुनै कारण र पुष्ट्याई बिना कुल जम्मा रु.५०,००,000।- आफूले लिएर तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमले अनियमित गरी निकालेको रकमलाई विभिन्न तरिकाले प्रयोग गर्ने समेतको कार्य गरेकोले निज प्रतिवादीहरुले गरेको उल्लेखित कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १४ बमोजिमको कसूर अपराध भएकोले निज प्रतिवादीहरु सम्झना पोखरेल गौतम र सुमन भुजेललाई सोही ऐनको १५(२)(ख) बमोजिम सजाय गरी निज प्रतिवादीहरुबाट सोही ऐनको दफा १५(२) बमोजिम हानी नोक्सानी भएको रकम रु.५०,००,००0।- सम्बन्धित कृषि विकास वैंकलाई दिलाई भराई सोही अनुरुपको जरिवाना समेत हुन अनुरोध गरिएको छ।

**घ) प्रतिवादी बसन्त राई भन्ने सूर्य बहादुर लिम्बुको हकमाः**

यी प्रतिवादी वसन्त राई भन्ने सूर्य बहादुर लिम्बुले प्रतिवादी प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतम र राजिव थापा भन्ने कृष्णहरि थापा समेतसँग मिलेमतो गरी निकालेको रकमवाट १२% रकम आफूले लिने भन्ने समेतको योजना बनाई भारतको सिक्किमवाट नेपालमा आई बैंकवाट अनियमित तबरले निकालेको रकम लिने कार्यका लागी आफ्नो फोटो टाँसी वसन्त राई भन्ने नाम तथा अन्य सम्पूर्ण विवरणहरु झूठा राखी नक्कली नागरिकताको प्रमाणपत्र बनाई सोही नागरिकताको आधारमा कृषि बिकास बैंकको पुतलीसडक, सिभिल बैंक लि., सेन्चुरी बैंक लि. समेतमा खाता खोली कृषि विकास बैंक लि.शाखा कार्यालय स्वयम्भुका खातावालाहरु बलराम के.सी, सरोज यादव र रंजित भट्टाराई र नबिन गुरुङको खातामा अनियमित र गैरकानुनी तबरले जम्मा गराएको रकम मध्येको रकमहरु आफ्नो वसन्त राईको नामको खातामा Transfer गराई जम्मा गराई तमा अन्य नझली नागरिकताबाट खाता खालका सामत टराई समेतका मानिसको खाताका रकमहरु गरी जम्मा रु.६,०३,५५,८२४।०७ निकालेको र सो रकमवाट रु.३०,००,०००/- रकमबाट आफुले लिई वाकी रकम तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतम समेतलाई दिई बैंकलाई हानी नोक्सानी पुन्याएको देखिएकोले निज प्रतिवादीले गरेको उल्लेखित कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १४ बमोजिमको कसूर अपराध भएकोले निज प्रतिवादी वसन्त राई भन्ने सुर्य बहादुर लिम्बुलाई सोही ऐनको दफा १५(२)(घ) बमोजिम सजाय हुन एवं सोही ऐनको दफा १५(२) बमोजिम हानी नोक्सानी भएको रकम रु.६,०३,५५,८२४।०७ मध्ये रु.८६,८२४।०७ निजको खातामा जम्मा रहेको देखिएकोले निजवाट रु.६,०२,६९,०००।- दिलाई भराई रु.६,०३,५५,८२४।०७ अनुरुपको जरिवाना हुन अनुरोध गरिएको छ।

**ङ) प्रतिवादी संन्दिप गुप्ता र राम कुमार कुम्हारको हकमाः**

निज प्रतिवादीहरुले तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमले बैंकबाट अनियमित गरी कमिशन लिई गैर कानुनी तबरले ल्याएको रु,२,९०,००,०००/- राम कुमार कुम्हारलाई दिएको र सो रकम राम कुमार कुम्हारले गैर कानूनी रुपमा हुण्डी गरी भारत पठाई दिएका साथै प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमको पटक पटक गरी रु.३६,७४,०००/- तेज बहादुर थापाको नाममा सेन्चुरी वैंकमा जम्मा गरी दिएको र निज तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमसँग प्रतिबादी सन्दिप गुप्ताले सुनको कारोवार गरेको देखिएकोले निज पतिवादीहरुलाई तेज बहादुर थापा

भन्ने केदार प्रसाद गौतमले अनियमित गरी रकम निकालेको भन्ने जानकार रहि सो रकमलाई हुण्डी मार्फत भारत पठाई प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले कसूरवाट प्राप्त गरेको रकम लुकाउने र प्रयोग गर्ने तथा सो रकमलाई विभिन्न तरिकाले प्रयोग गर्ने समेतको कार्य गरेको प्रष्ट भएकोले निज प्रतिवादीहरुले गरेको उल्लेखित कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १४ बमोजिमको कसूर अपराध भएकोले निज प्रतिबादीहरुलाई सोही ऐनको दफा १५(६) बमोजिम सजायको मागदाबी लिईएको छ।

साथै प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले कृषि विकास बैंक लि.बाट अनियमिता गरी निकालेको रकम मध्ये रु.५३,२०,३७२/७१ रकम गगन प्रधान, सुमन शर्मा, बसन्त राई, बलराम के.सी., नबिन गुरुङ, महेन्द्र राई, गोविन्द भण्डारी, रबि कार्की, बलाराम के.सी., नविन गुरुङ, रंन्जित भट्टराई, सरोज यादब, अर्जुन भण्डारी र नागेन्द्र प्रधानको खातामा रु.५३,२०,३७२/७१ जम्मा रहेको देखिएकोले सो रकम निजहरुको खातावाट तथा प्रतिबादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले तेज बहादुर थापा नाम राखि सेन्चुरी कमर्सियल बैंक लि.मा जम्मा गरेको रु.२५,०३,७३५/१३ र प्रतिवादी केदार प्रसाद गौतमले सापट दिएको रकम मध्ये तेज राज ढकाल समेतका ५ जनावाट यस ब्यूरोमा जम्मा ल्याएको रु.१७,००,०००/-, प्रतिवादी तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमवाट बरामद भएको भारतीय रुपैया र अमेरिकी डलर गरी ने.रु.मा रु.१.१५,०६०/- र प्रतिवादी संदिप गुप्ताले लिएको रु.१,२०,०००/-, वरामद सुनको मुल्य मुचुल्कावाट रु.५,६३,५८४।- कायम भई उक्त सुन दाखिला हुन आएकोले र प्रेम हरी ढुंगेलबाट बुझाईएको नगद रु.१,००,०००।- समेत कृषि विकास बैंक लि.लाई फिर्ता दिलाई भराई पाउन समेत अनुरोध गरिएको छ।

उल्लेखित कसूर अपराधमा संलग्न रहेको भन्ने खुल्न आएका राजिब थापा भन्ने कृष्णहरि थापा जिल्ला रामेछाप, गा.वि.स. डढुबा वडा नं. १ स्थायी वतन भएका नेपाली नागरिक भएता पनि निज हाल भारतको सिल्लीगुडीमा फ्लयाट भाडामा लिई आर्यन क्षेत्रीको नामवाट राशनकार्ड समेत लिई दिक्षा क्षेत्री नाम गरेकी भारतिय महिलासँग विवाह गरी स्थायी रुपमा नै बसोवास गरेको भन्ने खुल्न आएकोले निज नेपाल सरहद भित्र फेला परेका बखत तथा झूठा बिबरणहरु रहेको नक्ली नागरिकता पेश गरी खाता खोल्ने खातावालाहरु बलराम के.सी., नागेन प्रधान, नविन गुरुङ, सुमन शर्मा, रबि कार्की, गोविन्द मण्डारी, गगन प्रधान, महेन्द्र राई, ,अर्जुन भण्डारी, सरोज यादव र रंजित भट्टाराई रोहित गौतम, सुनित व्याक भन्ने मानिस निरन्जन, सागर थापा भन्ने मानिसको एकिन नाम थर वतन खुली वा पकाउ परेका वखत साथै प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता रहे भएको खुल्न आएमा मुलुकी ऐन, अ.बं. ८८ नं. बमोजिम छुट्टै पुरक अभियोग पत्र पेश गरिने ब्यहोरा अनुरोध गरिएको छ।

## ५. सर्वोच्च अदालतको फैसलाको संक्षिप्त व्यहोराः

प्रतिवादीहरु मध्ये तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमलाई बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२) बमोजिम ५ (पाँच) बर्ष कैद र र विगो बमोजिम रु.३३,९३,३९,८२७।७१ जरिवाना भई विगोमध्ये दाखिल हुन आएको विगो कटाई नपुग विगो

रु.३२,९४,८०,७०४।८७ (वत्तिस करोड चौरानव्वे लाख, असी हजार सात सय चार रुपैयाँ सतासी पैसा) सोही ऐनको दफा १५(२) बमोजिम कृषि विकास बैङ्कलाई दिलाई भराई दिने, प्रतिवादी सम्झना पोखरेललाई उल्लिखित ऐनको दफा १५(२)(ख) बमोजिम १(एक) वर्ष कैद तथा सोही ऐनको दफा १५(२) बमोजिम निजबाट हानी नोक्सानी भएको विगो रु.५०,००,०००।— (पचास लाख रुपैयाँ) सम्बन्धित बैङ्कलाई भराई विगो बमोजिम जरिवाना हुने, प्रतिवादी वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुलाई उल्लिखित ऐनको दफा १५(२)(ख) बमोजिम २(दुई) वर्ष कैद र विगो रु.३०,००,०००।—(तीस लाख रुपैयाँ) जरिवाना भई विगो बराबरको रकम कृषि विकास बैङ्कलाई भराई दिने, प्रतिवादी भरतबहादुर बानियाँलाई उल्लिखित ऐनको दफा १५(४) बमोजिम रु.१,००,०००।—(एक लाख रुपैयाँ) जरिवाना र १(एक) महिना कैद सजाय हुने, प्रतिवादीहरु रामकुमार कुम्हार र संदिप गुप्तालाई उल्लिखित ऐनको दफा १५(४) बमोजिम १५ दिन कैद सजाय र रु.२५,०००।—(पचीस हजार रुपैयाँ) जरिवाना हुने, प्रतिवादी सागर थापालाई उल्लिखित ऐनको दफा १५(४) बमोजिम रु.१,००,०००।— (एक लाख रुपैयाँ) जरिवाना र १ (एक) महिना कैद सजाय हुने, प्रतिवादीहरु जेनी श्रेष्ठ, गीता पन्त र सुमन भुजेललाई आरोपित कसुरबाट सफाई पाउने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४।०७।२८ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर गरी फैसला भएको हुँदा प्रतिवादी राजिव भन्ने कृष्णहरि थापा पनि उत्तिकै जिम्मेदार भै निजले ३३% को हिस्सेदारी गरेको भन्ने समेत खुलेको अवस्थामा निजको वतन जिल्ला रामेछाप, डढुवा गा.वि.स १ भन्ने देखिएको अवस्था छ र भारतमा आर्यन क्षेत्रीको नामले रासन कार्ड बनाई दिक्षा क्षेत्रीसँग विवाह समेत गरी सिलगुडिमा बसेको भन्ने मिसिलबाट खुल्छ। तर निजलाई हालसम्म पक्राउ गर्ने मुद्दा चलाउने आदि कुनै कार्य हुन सकेको नपाईदा यस विषयमा कानूनबमोजिम गर्न गराउन महान्यायाधिवक्ताको ध्यानाकृष्ट गराउनू र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू भनि सर्वोच्च अदालतको फैसला भएको अवस्था छ ।

## अभियुक्त उपरको अभियोगः

प्रस्तुत मुद्दा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयार्थ पेश भएको सक्कल मिसिल अध्ययन गरी हेर्दा, मिसिलमा संलग्न भएका मुल मिसिलको प्रतिलिपी कागजातहरु संलग्न नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभागको पत्र जाहेरी लगायतका पत्रहरु, कृषि विकास बैंक लि.बाट विभिन्न मितिमा प्राप्त भएका पत्रहरु, कृषि विकास बैंक लि.को प्रारम्भिक छानविन प्रतिवेदन र विस्तृत छानविन प्रतिवेदन २०७२, बैंकका खातावालाहरु सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ, बलराम के.सी., नागेन प्रधान, सुमन शर्मा, रबि कार्की, गोबिन्द भण्डारी, गगन प्रधान, महेन्द्र राई, बसन्त राई र अर्जुन भण्डारीले कृषि विकास बैंकबाट र अन्य मेघा बैंक लि., सिभिल बैंक लि., सानिमा बैंक लि. समेतका बैंकहरुबाट ECC मार्फत रकमहरु निकाली लिएको देखिने बैंक स्टेटमेन्टहरु खातावालाहरुको खाता सम्बन्धीका KYC कागजातहरु, खानतलासी बरामदी मुचुल्काहरु, प्रहरी प्रतिवेदनहरु, खातावालाहरुले रकम भुक्तानी लिंदा बैंकमा पेश गरेका चेकहरु परीक्षण प्रतिवेदनहरु, पक्राउ प्रतिवादीहरु केदार प्रसाद गौतम, भरत बहादर बानियाँ गीता पन्त, जेनी श्रेष्ठ गौतम,

सम्झना पोखरेल गौतम, सुमन भुजेल, बसन्त राई भन्ने सूर्य वहादुर लिम्बु, संन्दिप गुप्ता र राम कुमार कुम्हारले गरेको बयान कागजहरु, बुझिएका मानिसहरुले गरिदिएका कागजहरु तथा कृषि विकास बैंकबाट प्राप्त बैंक स्टेटमेन्ट तथा पत्रहरु, T24 System बाट उठाईएका तथ्यांकहरु समेत रहेका कागजातहरु समेतका हाल सम्म संकलित कागजातहरुबाट प्रतिवादी केदार प्रसाद गौतम र राजिव थापा भन्ने कृष्णहरि थापाले मिलेमतो गरी राजिव थापाले खोजी ल्याएका रंजित भट्टराई समेतका मानिसहरुको नाममा नक्कली नागरिकताहरु खडा गरी कृषि विकास बैंक लि.का विभिन्न शाखा तथा सिभिल बैंक लि. समेतका अन्य बैंकहरुमा खाता खोल्ने र प्रतिवादी केदार प्रसाद गौतमले CBS लागु नभएका कृषि विकास बैंकका विभिन्न शाखाहरुबाट रेमिट्यान्स मार्फत रकम आएको भनि झुठ्ठा बिवरणहरु तयार गरी रेमिट System मा प्रवेश नै नगरी T24 System मा प्रबिष्ट गरी नक्कली नागरिकताको आधारमा खाता खोलेका सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ, बलराम के.सी. को खाताहरुमा २६ सेप्टेम्बर २०१४ देखि पटक पटक रकमहरु जम्मा गरी बैंकको ABBS तथा ECC मार्फत बसन्त राई भन्ने सूर्यबहादुर लिम्बु समेतको खातामा उल्लेखीत खातावालाहरुको खाताबाट रकम रकमान्तर गरी हाल सम्म रु.३३,९३,३९,८७२/७१ निकालेको र प्रतिवादी भरत बहादुर बानियाँ र गीता पन्तले पदिय जिम्मेवारी अनुसार गोप्य राखु पर्ने पासवर्ड तथा दैनिक शाखाको कारोबार एकिन नगरी कारोबारको अभिलेख नै नहेरी लापरबाही तथा हेलचक्र्याइँ गरेको कारणबाट प्रतिवादी केदार प्रसाद गौतमले उल्लेखित रकम निकाल्न सफल भएको तथा प्रतिवादी केदार प्रसाद गौतम समेतले उक्त रकम झिकी लिई सके पश्चात सो रकम Layering गरी लुकाउन तथा प्रयोग गर्ने कार्यमा प्रतिवादीहरु जेनी श्रेष्ठ गौतम, सम्झना पोखरेल गौतम, सुमन भुजेल, सन्दिप गुप्ता र राम कुमार कुम्हार संलग्न रहेको देखिएकोले विरुद्द खण्डमा उल्लेखित प्रतिवादीहरुले रु. ३३,९३,३९,८७२।३९ रकम कृषि विकास बैंकलाई हानी नोक्सानी पुऱ्याई बैंकिङ कसूर गरेको वारदात स्थापित हुन आएको प्रस्तुत मुद्दामा उच्च अदालत पाटनमा दायर भई फैसला भएकोमा यसै मुद्दालाई पुनरावेदनको रोहमा सर्वोच्च अदालतबाट फैसला हुँदा निज प्रतिवादी राजिव भन्ने कृष्ण हरि थापाको हकमा महान्यायाधिवक्ताको कार्यालय नेपाललाई ध्यानकर्षण गरे पछि थप अनुसन्धान प्रारम्भ भएको अवस्था देखियो । ।

**प्रतिवादीले के कुन कसूर अपराधमा कुन कानून बमोजिम सजायको अभियोग मागदावी लिनुपर्ने हो भन्ने सम्बन्धमा हेर्दा,** संकलित मिसिल कागजातहरु अध्ययन विश्लेषण गरी हेर्दा केदार प्रसाद गौतम र गीता पन्तको पासवर्ड प्रयोग गरी रेमिट्यान्स सम्बन्धी कारोबार गर्दा बैंकिङ प्रणालीभन्दा बाहिर गई अनियमित रुपमा जालसाज समेत गरी सोही शाखा कार्यालयका खातावालाहरु सरोज यादव, रंजित भट्टराई, नविन गुरुङ र बलराम के.सी. को खातामा बैंकलाई हानि नोक्सानी पुर्‍याउने बदनियत र योजनाका साथ अनियमित तरिकाले रकम जम्मा गर्ने र जम्मा भएको रकम ट्रान्सफर गरी झिक्ने गरी बैंकलाई रु.३३,८२,००,५७८/४२ हानी नोक्सानी पुऱ्याएको भन्ने कृषि विकास बैंक बैंकिङ कार्यालय स्वयम्भु र मुख्य कार्यालय रामशाहपथका मिति २०७२।०३।११ गतेको पत्रहरु र उल्लेखीत कर्मचारीहरु र खातावाला समेत भई Core Banking System को दुरुपयोग गरी आफूहरुलाई गैरकानुनी लाभ पुर्‍याउने र बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरेकोले कानून बमोजिम अनुसन्धान

तहकीकात र कारबाही अघि बढाउन अनुरोध भन्ने समेत ब्यहोराको नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभागको मिति २०७२।०३।११ गतेको पत्र जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा मुल मिसिलको विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरु तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतम समेत उपर सम्मानित सर्वोच्च अलदातबाट फैसला समेत भई सकेको र प्रतिवादी राजिव भन्ने कृष्ण हरि थापा उपर अनुसन्धान कार्य भएको नदेखिएको भनि महान्यायाधिवक्ताको कार्यालय हुदै विशेष सरकारी वकील कार्यालय, माईतीघर, काठमाडौं मार्फत निज प्रतिवादी कृष्ण हरि थापा उपर अनुसन्धान गर्नु हुन भन्ने व्यहोराको निर्देशन प्राप्त भएपश्चात निज प्रतिवादी कृष्ण हरि थापा उपर सम्मानित उच्च अदालतबाट पक्राउ अनुमती प्राप्त गरि बुझिएका मानिसहरुको घटना विवरण कागज गर्ने तथा आवश्यक विवरण संकलन गर्ने लगायतको अनुसन्धान कार्य गरि विरुद्द खण्डमा उल्लेखित प्रतिवादी कृष्ण हरि थापाले निम्नानुसारको कसूर गरेको देखिएकोले निज प्रतिवादीलाई कानूनी कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको जाहेरी दरखास्त पुष्टी भएको देखिन आयो ।

**प्रतिवादी केदार प्रसाद गौतमले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** म बैंकको स्वयम्भु शाखामा लेखा प्रशासन शाखामा कार्यरत छु मेरो जिम्मेवारीहरु कार्यालयबाट भएका दैनिक खर्चहरुको बिल भरपाई स्वीकृत गर्न शिफारिस गर्ने, कार्यालय व्यवस्थापन सम्बन्धमा हुने र भएका सम्पूर्ण समस्याहरुको समाधान गर्नका लागी प्रबन्धकमा शिफारिस गर्ने र सो का लागी आबश्यक आर्थिक लगायतको ब्यबस्था गर्ने तथा प्रबन्धक अनुपस्थित रहेको अबस्थामा कार्यालय संचालन सम्बन्धी सम्पूर्ण कार्यहरु रहेको थियो । बैंकबाट रेमिट सम्बन्धी भुक्तानी दिनु पर्ने रकम भुक्तानीको लागी प्रबन्धकबाट आदेश हुनु पर्छ । रेमिट सम्बन्धी रकमको Authorize गर्ने जिम्मेवारी रकमको परिमाण अनुसार फरक फरक जिम्मेवारीमा रहेको हुन्छ । यस अनुसार रु.३०,००,०००।– सम्मको रकम Authorize क्यासियरले र सो भन्दा माथिको शाखा प्रबन्धक र निज कार्यालयमा नरहेको अबस्थामा र निज कार्यालयमा नै रहेता पनि ब्यस्त भएको बेलामा Authorize मैले गर्ने गरेको थिएँ । मैले जग्गा सम्बन्धी कारोवार गर्दा नोक्सानी भएकोले ऋण तिर्न रकम अभाव रहेको थियो । मेरो कारोबार मिलाउने सिलसिलामा राजिव थापा भन्ने कृष्णहरि थापा नाम भएका ब्यक्तिसँग मेरो घनिष्ठता बढ्दै गयो । ब्यबहार मिलाउन भारतको पश्चिम बंगाल र आसाम राज्यका विभिन्न स्थानहरुमा Networking Business समेतमा संलग्न भएकोमा सो बाट समेत कुनै आर्थिक लाभ नभएको र खर्चहरु बढ्दै गए पछि मेरो आर्थिक ब्यबहार अस्तब्यस्त भएकोले २०७१ सालको भदौ महिनामा राजिब थापा भन्ने कृष्णहरि थापा र म दुबै जना नेपाल फर्की दुबै जनाले एकापशमा के कसरी बिषम आर्थिक अबस्थाबाट मुक्ति पाउने भन्ने बारेमा छलफल र सरसल्लाह हुन थाल्यो । यसरी भएका छलफल र सरसल्लाहबाट कृषि विकास बैंकलाई नै प्रयोग गरी सोही बैंकबाट अनियमित तवरबाट के कसरी रकम निकाली आफ्नो ब्यबहार मिलाउन र आफू सुरक्षित रुपमा भारत भाग्न सकिन्छ भन्ने जुक्ति र उपायको बारेमा छलफल हुँदा मैले कृषि विकास बैंकबाट अनियमित तवरबाट रकम निकाल्ने र सो रकम निकाल्नका लागी बैंक बाहिरबाट राजिब थापा भन्ने कृष्णहरि थापाले पुरा सहयोग गर्ने र निकालिएको रकमको व्यवस्थापन समेत भारतमा निजै राजिब थापा भन्ने कृष्णहरि थापाले गर्ने भन्ने सल्लाह भयो। बैंकको System, कर्मचारी लगायतका

व्यवस्थापन सम्बन्धी कुराको अध्ययन गर्न थालें । यसरी अध्ययन गरे पछि बैंकको ADBL रेमिटबाट बैंकमा विभिन्न मानिसहरुको नाममा रकम आएको भन्ने देखाई आएको भनिएको रकम खातामा राखी सो रकम निकाली भारत लैजाने कुरा सम्भव हुन सक्ने देखियो। सो कार्यका लागी विभिन्न मानिसहरुको नाममा बैंकको शाखा कार्यालय स्वयम्भुमा नै खाता खोल्ने जिम्मेवारी राजिब थापा भन्ने कृष्णहरि थापा लाई दिएँ । मैले रेमिटबाट आएको रकम भन्ने देखाई रकम जम्मा गरिदिने र सो रकम निजै राजिब थापा भन्ने कृष्णहरि थापाले खाता खोलिएका मानिसहरु मार्फत रकम झिकी भारतमा लाने कुरा भयो । मिति २०७२।०३।०७ गतेका दिन बेलुकी करिब ६.०० बजेको समयमा खातावालाहरु सरोज यादव समेतका खाताहरुमा Transfer गरेकोमा Transfer गरेको रकमहरु मध्ये सरोज यादबको खाताबाट प्रेम गुरुङको नाममा बैंकको बत्तिसपुतली शाखामा रहेको खातामा रु.१०,००,०००।- रकम Transfer गर्नका लागीगीता पन्तको पासवर्डबाट Input भईसकेपछि मैले मेरै पासवर्डबाट Authorize गर्नु पर्नेमा Authorize गर्ने काम गर्न छुटेको कारण सो रकम गीताको नाममा Pending मा रहेको देखिएको रहेछ। सो घट्ना बैंक लगायतमा थाहा भैसकेको र प्रहरीले पक्रनका लागी खोजी गरिरहेको हुन सक्ने बारेमा अबगत गराएँ। निजलाई मैले सो घट्नाको बारेमा सुनाएपछि निजले सेन्चुरी बैंक लि. का KYC लगायतका कागजातहरुमा र तेज बहादुर थापाको नामको नागरिकताको प्रमाणपत्रको प्रतिलिपीमा टाँसिएको फोटो मेरो हो । मैले रु ३,००,०००/- रकम दिई मैले सो नागरिकता जिल्ला प्रशासन भक्तपुरबाट बनाएको हो। CCTV फुटेज मा मेरो तस्बीर भएको स्थानको पृष्ठभुमिमा भएको दृष्य मैले काम गरेको शाखा कार्यालय स्वयम्भुको दृष्य हो भन्ने समेत व्यहोराको प्रतिवादी केदार प्रसाद गौतमले बयान गरेको छन यसै गरी अन्य प्रतिवादीहरु **बसन्त राई भन्ने सूर्य बहादुर लिम्बु संदिप गुसा ,भरत बहादुर बानियाल ,सुमन भुजेल, राम कुमार कुम्हार, सम्झना पोखरेल(गौतम), जेनी श्रेष्ठ, गीता पन्त, सागर थापाले समेतले बयान गर्दा** प्रतिवादी राजिव भन्ने कृष्ण हरि थापाको पनि कसूरमा संलग्नताको बारेमा निज प्रतिवादीहरुले बयानबाट खुलाई लेखाई दिएको तथ्य प्रमाणहरु रहेको छ।

**बिन्दा खड्काले घटना विवरण कागज गर्दा,** मैले जिल्ला भक्तपुर, सुर्यविनायक वडा नं. ४ दधिकोट स्थितमा विनिता फेन्सी सपको नाममा कपडा पसल गर्दै आएको छु । मेरो परिवारमा मेरो श्रीमान टिकाराम खड्का, सासु आमा सिमा माया खड्का, ससुरा मान बहादुर खड्का म समेत गरि चार जना छौ भने माईतीघर तर्फ मेरो बुवा यज्ञ बहादुर थापा, आमा गोमा कुमारी थापा, दिदि बहिनिहरु राधिका के.सी., मन्जु थापा, जेठो भाई कृष्ण हरि थापा र कान्छो भाई दिनेश थापा छन । यसभन्दा अगाडी म लगायत हाम्रो सम्पुर्ण परिवार रामेछाप जिल्ला डडुवा गा.वि.स. वडा नं. १ थापागाँउमा बस्दै आएकोमा अ. २०६८ सालतिर मेरो विवाह भएपश्चात मेरो माईतीघरका परिवार समेत बसाई सरि भक्तपुरमा आई बसेका हुन । मेरो दुई भाई मध्ये प्रस्तुत कसूरका प्रतिवादी राजिव खत्री भन्ने कृष्ण हरि थापा मेरो आफ्नै जेठो भाई हुन । कान्छो भाई दिनेश थापा भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नम. ४ मा बस्दै आएका छन । जेठो भाई कृष्ण हरि थापाले ८/९ कक्षा पढ्दा पढ्दै अ. १५ वर्षको उमेरमा मागी बिहे भएपश्चात निज घरबाट भागी छिमेकी मुलुक भारत गएका थिए । निजको एक सन्तान (छोरी) को जन्म भएपछि पनि नेपाल नआएपछि निजको श्रीमती

उमा थापाले अर्कै व्यक्तिसँग विवाह गरि गईसकेको र हाल छोरी लक्ष्मी थापाको समेत विवाह भईसकेको छ । त्यसपछि मेरो विवाह भएपछि निज एक पटक नेपाल आएको थाहा छ । त्यस समय यता निज नेपाल आएको भन्ने मलाई थाहा छैन । निजसँग फेसबुक, व्हाटसएप, टिकटक लगायतका सामाजिक संजालहरुमा समेत देखभेट भएको छैन । निज सानो उमेरमा नै भारत गई सम्पर्क बिहिन भई बसेको हुँदा निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु समेत छैनन, निजले के-कस्तो पेशा गर्छन, विवाह गरेका छन वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, मेरो भाई राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमित र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।- रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयमा आई सोही घटनाको सम्बन्धमा कागज समेत गरेको हुँदा थाहा पाएको थिएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गते विन्दा कुमारी खड्काले मौकामा कागज गरिदिएको पाइयो ।

**त्यसैगरी, टिकाराम खड्काले घटना विवरण कागज गर्दा,** मैले घरजग्गा खरिद बिक्री सम्बन्धी कारोवार गर्छु । मैले पढे लेखेको छैन । मेरो बुवा मान बहादुर खड्का, आमा शिवामाया खड्का, श्रीमती बिन्दा कुमारी खड्का र म गरि चार जना छौ । प्रस्तुत कसूरका प्रतिवादी राजिव खत्री भन्ने कृष्णहरि थापा मेरो श्रीमतीको जेठो भाई र मेरो सालो हुन। मैले बिन्दा कुमारी खड्कासँग अ. २०६२ सालमा विवाह गर्दा निज भारतमा बस्दै आएका थिए हालसम्म पनि निज घर आएको भन्ने मलाई थाहा छैन । निज राजिव भन्ने कृष्णहरि थापा मेरो विवाह हुनु भन्दा अगाडी नै विवाहित थिए र निजको एक छोरी पनि थिईन । मलाई जानकारी भएसम्म निज कृष्णहरि थापा परिवारको सम्पर्कमा समेत नआएको र श्रीमतीलाई वेवास्ता गरेपछि निजको श्रीमती उमा थापा अर्कै व्यक्तिसँग विवाह गरि छोरीलाई समेत साथै लिई गएकी हुन । हाल निजको छोरी लक्ष्मी थापाको पनि विवाह भईसकेको छ भन्ने सुनेको हुँ । मैले सामाजिक संजालहरु मध्ये फेसबुक, व्हाटसएप, भाईवर चलाउने गरेको छु तर निज कृष्णहरि थापासँग मैले प्रयोग गर्ने उक्त सामाजिक संजालहरुमा समेत देखभेट तथा सम्पर्क भएको छैन । निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु समेत मसँग केही छैन, निजले भारतमा के-कस्तो पेशा गर्छन, भारतमा अर्को विवाह गरेका छन् वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, सालो राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमित र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।— (तेत्तिस करोड त्रीयानब्बे

लाख) रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयमा आई सोही घटनाको सम्बन्धमा कागज समेत गरेको हुँदा थाहा पाएको थिएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गते टिकाराम खड्काले मौकामा कागज गरिदिएको पाइयो।

**त्यसैगरी, यग्य बहादुर थापाले घटना विवरण कागज गर्दा,** म र मेरो श्रीमती गोमा कुमारी थापाको तीन छोरी र २ छोरा गरि जम्मा पाँच जना सन्तान हुन । प्रस्तुत मुद्दाका प्रतिवादी राजिव भन्ने कृष्णहरि थापा जेठो छोरा र दिनेश थापा कान्छो छोरा हुन। मेरो नाममा रामेछाप जिल्ला साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गा.पा. वडा नं. १ स्थितमा अ. १८/२० रोपनी जति जग्गा जमिन छ । सोहि पुर्ख्यौली सम्पत्तिबाट कान्छो छोरा दिनेश थापालाई निजको हकभोग अशं दिई छुटी भिन्न भई बसेका छन भने जेठो छोरो कृष्णहरि थापाको अशं समेत मसँगै छ । मेरो परिवार पहिले रामेछाप जिल्ला साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गा.पा. वडा नं. १ बस्दै आएकोमा अ. २०७० सालतिर भक्तपुर जिल्ला सुर्यविनायक नगरपलिका वडा नं. ४ दधिकोट आई बसेको र अ. २०८३ जेठ महिनातिर रामेछाप जिल्लाबाट श्रीमती, कान्छो छोरा बुहारी नाती नातिना र मेरो नाममा बसाई सराईको कागज गरि लिएको हो । निज जेठो छोरा कृष्ण हरि थापाको १५ वर्ष हुँदा मागि विवाह गराई दिएको थिएँ । बुहारी २ महिनाको गर्भवती हुँदा निज भारत गएकोमा नातिनी लक्ष्मी ३ वर्षको हुँदा एक पटक घर आएको थियो सोही समयमा मैले उसको नागरिकता र नातिनीको जन्मदर्ता समेत बनाएको हो । सो समयमा मैले निजलाई अशं लिई श्रीमती र छोरीसाथै बस भनि भन्दा निजले त्यसो गर्न अस्विकार गरि पुन भारत नै फर्किएका थिए । लामो समयसम्म पनि कृष्णहरि थापा घर नआई परिवारसँग सम्पर्क समेत हुन छोडेपछि मैले बुहारी उमा थापालाई छोराले वेवास्ता गरेपनि नातिनी छ छोराको भागको अशं दिन्छु यही घरमा बस भनेको थिए तर केही वर्षपछि बुहारी उमा थापा नातिनी लक्ष्मी थापालाई समेत आफैसँग लिई घरबाट निस्की गएकी थिईन । जेठो छोरा कृष्ण हरि थापाको छोरी लक्ष्मी थापाको लमजुङमा विवाह भई हाल चितवनमा बसोवास गर्दै आएकी छिन । निज नातिनी लक्ष्मी थापाले विवाह गरेको भनि निजले विहे गरेको ६/७ वर्ष पछि मात्र थाहा पाएको हुँ । निज राजिव खत्री भन्ने कृष्णहरि थापा सानो उमेरदेखि नै भारत गई सम्पर्क बिहिन भई बसेको हुँदा निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु मसँग छैनन, निजले के-कस्तो पेशा गर्छन, निजले भारतमा विवाह गरेका छन वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमसँग मिलि बैंकबाट अनियमिता गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, मेरो छोरा राजिव थापा भन्ने कृष्णहरि थापाले ३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमिता र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।— (तेत्तिस करोड त्रियानब्बे लाख) रकम निकाली लिई बैंकलाई हानी

नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयबाट सोधपुछ गरेको हुँदा थाहा पाएको थिएँ तर छोरा कृष्ण हरि थापा समेतले यती ठूलो रकम हिनामना गरेको रहेछन भनि हाल आएर थाहा पाएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गते यग्य बहादुर थापाले मौकामा कागज गरिदिएको पाइयो ।

**त्यसैगरी, दिनेश थापाले घटना विवरण कागज गर्दा,** मैले हाल बसोबास गर्दै आएको भक्तपुरमा गाई फर्म खोली पशुपालन व्यवसाय गर्दै आएको छु । मेरो परिवारमा म र मेरो श्रीमती सम्झना पौडेल थापा दिपसना थापा र दियान्स थापा गरि चार जना छौ । प्रतिवादी राजिव खत्री भन्ने कृष्ण हरि थापा मेरो जेठो दाई हुन । म लगायत मेरो बुवा आमा सहितको परिवार पहिले जिल्ला रामेछाप साविक डडुवा गा.वि.स. वडा नं. १ परिवर्तित दोरम्बा शैलुङ गा.पा. वडा नं. १ बस्दै आएकोमा अ. २०७० सालतिर भक्तपुर जिल्ला सुर्यविनायक नगरपलिका वडा नं. ४ दधिकोट आई बसेको र अ. २०८३ जेठ महिनातिर रामेछाप जिल्लाबाट बुवा आमा, श्रीमती, छोरा, छोरी र मेरो नाममा बसाई सराईको कागज गरि लिएको हो । बुवा आमासँग मेरो भागको अशं लिई छुटी भिन्न भईसकेको हुँदा रामेछापमा दाजु कृष्णहरि थापाको नाममा पुख्यौंली सम्पत्ति अझै रहेको छ । निज कृष्ण हरि थापा ९ कक्षा पढ्दापढ्दै मागी विवाह भएपश्चात अ. २०५८ सालमा निज भारत गएका थिए । त्यसपछि निज अ. २०६२/०६३ सालतिर घर आएको समयमा होटलमा काम गर्छु, भारतको बैङगलोरमा बस्छु भनि भनेका थिए । त्यसपछी म वि.स.२०६६ सालमा वैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरिया गएकोमा वि.स. २०७४ सालमा नेपाल फर्किएको थिएँ । दाई कृष्णहरि थापा घर नआई परिवारसँग सम्पर्क समेत हुन छोडेपछि भाउजु उमा थापाले अर्कै व्यक्तिसँग विवाह गरि छोरी लक्ष्मी थापालाई समेत आफैसँग लिई गएकी हुन । हाल जेठो दाई कृष्ण हरि थापाको छोरी लक्ष्मी थापाको समेत लमजुङ जिल्लामा विवाह भईसकेको छ भनि सुनेको छु । मैले सामाजिक संजालहरु फेसबुक म्यासेन्जर, व्हाटसएप र भाईवर चलाउने गेको छु तर उक्त संजालहरुमा समेत निज राजिव भनन्ने कृष्णहरि थापासँग देखभेट तथा सम्पर्कमा छैनन । निज सानो उमेरमा नै भारत गई सम्पर्क बिहिन भई बसेको हुँदा निजको पहिचान खुल्ने फोटो लगायतको कागजातहरु समेत छैनन, निजले के-कस्तो पेशा गर्छन, विवाह गरेका छन वा छैनन? निजको भारत स्थितको वतन समेत एकिन थाहा छैन । प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, मेरो भाई राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई कृषि विकास बैक लि., बैंकिङ कार्यालय स्वयम्भुबाट रेमिट कारोबार भन्ने देखाई अनियमित र गैरकानुनी तवरबाट कुल जम्मा रु.३३,९३,००,०००।- रकम निकाली लिई बैंकलाई हानी नोक्सानी गरेको सम्बन्धमा यसभन्दा अगाडी अ. २०७१/०७२ सालमा यसै कार्यालयबाट सोधपुछ गरेको हुँदा थाहा पाएको थिएँ तर निज कृष्ण हरि थापा समेतले यती ठुलो रकम हिनामना गरेको रहेछन भनि हाल थाहा पाएँ भन्ने समेत ब्यहोराको मिति २०८३।०४।०१ गते दिनेश थापाले मौकामा कागज गरिदिएको पाइयो ।

अतः- मिसिलमा संलग्न भएका प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले प्रतिवादी तेज बहादुर थापा भन्ने केदार गौतमसँग मिलि बैंकबाट अनियमित गरी रकम निकाल्ने, सो रकम भारतमा लगि कारोवार गरी त्यहि बस्ने र सो कार्यका लागि मानिसहरु खोज्ने तथा सो काम भएपछी केदार प्रसाद गौतमले ३३%, राजिव थापा भन्ने कृष्णहरि थापाले रु.३३% र खाता खोल्न आएका आएका खातावालाहरुलाई ३३% दिने लिने भनी योजना बनाई आफू कार्यरत रहेको बैंकको शाखा कार्यालय स्वयम्भुको CBS (Core Banking System) को कमजोरी पत्ता लगाई सो को दुरुपयोग गरी भारत समेतमा बसोबास रहेका बलराम के.सी., नागेन प्रधान, नबिन गुरुङ, रंजित भट्टराईको नाम राखि नक्कली नागरिकता बनाई सोही नागरिकता पेश गरी गराई बैंकको शाखा कार्यालय स्वयम्भुमा खाता खोली रकम निकाल्नको लागि लेखपाल गीता पन्तको पासवर्ड गोप्य तवरले लिई बैंकको CBS नभएका विभिन्न शाखाहरुबाट रेमिट Software ले स्वीकार गर्ने नक्कली कोड नं. राखि रेमिट मार्फत निज खातावालहरुको खातामा जम्मा हुने गरी रकम आएको भन्ने देखाई खातावालाहरु रन्जित भट्टराईको बचत खाता नं. ०२१०९००७२३१२७०१० मा, सरोज यादवको बचत खाता नं. ०२१०९००७२४४८४०११ मा, नबिन गुरुङको चल्ती खाता नं. ०२१०९००७२२८९२०१५ मा, र बलराम के.सि. को चल्ती खाता नं. ०२१०९००७२२८८५०१९ मा रकम आएको भनि Input गरी निज प्रतिवादी केदार प्रसाद गौतमले Authorize गरी निज खातावालहरुको खातामा System बाट जम्मा गराएको र ति खाताहरुमा रकम जम्मा भई सके पश्चात नक्कली नेपाली नागरिकता बनाईएका सुमन शर्मा, रबि कार्की, गोबिन्द भण्डारी, गगन प्रधान, महेन्द्र राई, बसन्त राई, अर्जुन भण्डारी र सरोज यादबलाई बैङको न्यूरोड, रत्नपार्क, मंगलबजार, बालाजु, पुतलीसडक समेतका विभिन्न शाखामा खाता खोलाई ति खताहरुमा उल्लखित रकमहरुलाई भाग लगाई जम्मा गराएकोमा ABBS बाट जम्मा भएका शाखाहरुबाट र ECC बाट सिभिल बैंक लि., माछापुच्छ्रे बैंक लि., NIBL, मेघा बैंक लि., सेन्चुरी बैंक लि., सानिमा बैंक लि. र लुम्बिनी बैंक लि. समेतका बैंकहरुबाट मिति २०७१/०६/१० गते देखि मिति २०७२/०३/०७ गते सम्म ५५ पटक गरी जम्मा रु.३३,९३,३९,८७२।७१ रकम जम्मा गराई जम्मा गराएको रकमबाट सो रकम निज खातावालाहरुलाई निकाल्न लगाई निज प्रतिवादी तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतम र राजिब थापा भन्ने कृष्णहरि थापाले रु. ३३,४१,९०,०००/- लिएको साथै आफ्नो भागमा आएकोबाट निज प्रतिवादी तेज वहादुर थापा भन्ने केदार प्रसाद गौतमले सापट तिरेकोमा सापट लिएको रकम फिर्ता भई यस ब्यूरोमा दाखिला हुन समेत आएको, प्रस्तुत कसूरका प्रतिवादी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमले प्रतिवादी राजिव भन्ने कृष्ण हरि थापाले कसुरबाट प्राप्त रकमबाट ३३% हिस्सा पाउने गरि योजना मुताविक प्रस्तुत कसूर घटाएको भन्ने साविती बयान र अनुसन्धानको क्रममा संकलन हुन आएको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्राप्त विवरण, बुझिएका मानिसले लेखाई दिएको घटना विवरण कागजात लगायत मिसिल संलग्न कागजातहरुको आधार प्रमाणबाट निज प्रतिवादी राजिव भन्ने कृष्ण हरि थापा समेतले गरेको उल्लेखित बैंकिङ कसूर गरेको देखिएकोले निज प्रतिवादी राजिव भन्ने कृष्ण हरि थापा समेतले गरेको उक्त कार्य बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिम बैकिङ कसूर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आयो ।

**<u>अभियुक्तलाई हुनुपर्ने सजायः-</u>**

अतः माथि विवेचित आधार प्रमाणहरुबाट प्रतिवादी राजिव भन्ने कृष्ण हरी थापाले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ ले निषेधित कसूर गरेको हुँदा निज प्रतावादीलाई विगो रु.३३,९३,३९,८७२।७१ (तेत्तिस करोड त्रियानब्बे लाख उनान्चालिस हजार आठ सय बहत्तर रुपैयाँ एकहत्तर पैसा) कायम गरी प्रतिवादी राजिव भन्ने कृष्ण हरी थापालाई सोही ऐनको दफा १५(१) र दफा १५ (२)(ङ) अनुरुप विगो बमोजिम जरिवाना गरी कैद सजाय समेत हुन मागदाबी लिइएको छ । साथै सक्कल मिसिल यसै अभियोग पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

साथै फरार प्रतिवादी राजिव भन्ने कृष्णहरि थापालाई सम्मानित अदालतबाटै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ को उपदफा (२) बमोजिम पक्राउ पूर्जि जारी गरी पाउन सादर अनुरोध छ ।

**<u>सम्बद्ध कसुर मुद्दाको दावीका सम्बन्धमाः</u>**

प्रस्तुत मुद्दा मिति २०७२।०५।१० गतेको अभियोग पत्रको पुरक अभियोग पत्र रहेको हुदाँ सम्मानित अदालतमा पेश गरीएको छ।

**<u>सजाय कम वा सजायमा छुटको मागदाबी र आधारः</u>** x

**<u>क्षतिपुर्तिको मागदाबीः</u>** कृषि विकास बैंकको शाखा कार्यालय स्वयम्भुलाई हानी नोक्सानी गरेको बिगो रकम फिर्ता दिलाई भराई दिनुहुन ।

**<u>अभियोग दाबीसँग सम्बन्धित कानूनी व्यवस्थाः-</u>**

**<u>कसूरः-</u>**

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को परिच्छेद २ को दफा ५ मा निषेध गरीएको कार्य-

<u>दफा ६. **विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन नहुनेः-**</u> कसैले पनि क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेशिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन हुँदैन ।

**<u>दफा १४. अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्न गराउन नहुँनेः-</u>** बैंक वा वित्तीय संस्थालाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले पनि कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा नगर्न, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गर्न वा गराउन हुँदैन।

<u>दण्ड सजायः</u>

<u>दफा १५- **दण्ड सजायः**</u> (१) कसैले दफा ३ बमोजिमको कुनै कसूर गरेमा विगो खुलेकोमा विगो भराई विगो बमोजिम जरिवाना र तीन महिनासम्म कैद र दफा ११ बमोजिमको कुनै कसूर गरेमा विगो भराई विगो बमोजिम जरिवाना हुँनेछ :-

(२) कसैले दफा ५, ६, दफा ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ वा १४ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसूरसँग सम्बन्धित देहाय बमोजिमको बिगो भएमा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र विगो भराई विगो बमोजिम जरिवाना हुनेछ :-

ङ) दश करोड रुपैंयाभन्दा बढी पचास करोड रुपैंयासम्म बिगो भए छ बर्षदेखि आठ बर्षसम्म कैद,

<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः-</u>

- उल्लेखित कसूर अपराधमा संलग्न रहेको भन्ने खुल्न आएका राजिब थापा भन्ने कृष्णहरि थापा एकिन नाम थर वतन खुली वा पकाउ परेका वखत रहे भएको खुल्न आएमा मुलुकी ऐन, अ.बं. ८८ नं. बमोजिम तथा हाल निरन्तरता दिएकफ मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ३५ बमोजिम निज प्रतिवादीको एकिन तीन पुस्ते सहितको सम्पति विवरण समेत अनुसन्धानबाट खुली आएको निज प्रतिवादीको हकमा छुट्टै पुरक अभियोग पत्र पेश गरिने ब्यहोरा अनुरोध गरिएको हो। प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता रहेको खुल्न आएमा सोही बखत मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी सहितको अभियोग पत्र प्रस्तुत गरीने व्यहोरा अनुरोध छ।
- त्यसैगरी प्रस्तुत कसूरका प्रतिवादीहरु तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतम, बसन्त राई भन्ने सुर्य बहादुर लिम्बु, राजिव थापा भन्ने कृष्णहरि थापार सागर थापा उपर नागरिकता किर्ते मुद्दामा अनुसन्धान कार्य सम्पन्न गरि जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं मार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश भएपश्चात सम्मानित अदालतबाट मिति २०८०/०७/२२ गते सजाय निर्धारण गरि फैसला भएको र उक्त मुद्दाको फैसला उपर सम्मानित उच्च अदालत पाटनमा पुनरावेदन परी पुनरावेदन मुद्दा नं. ०८१-CS-१६८४ मा प्रमाण मिसिलका रुपमा संलग्न गराउन सम्मानित उच्च अदालत पाटनबाट माग भई आएको हुँदा उक्त मिसिल अदालत पाटन पठाईएको भन्ने व्यहोराको सम्मानित काठमाडौं जिल्ला अदालतको च.नं. १४४३ मिति २०८२/१२/१२ गतेको पत्र प्राप्त भएको हुँदा सोही व्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ ।
- साथै उक्त नागरिकता किर्ते मुद्दाको फैसलाको कपि सम्मानित अदालतको वैवसाईट https://supremecourt.gov.np मार्फत प्रिन्ट गरि मिसिल संलग्न राखिएको व्यहोरा अनुरोध गरिएको छ।

- **भुमी प्रशासन कार्यालय, रामेछापको च.नं. ०९ मिति २०८३/०४/०५ गतेको पत्रबाट प्रतिवादी राजिव खत्री भन्ने कृष्णहरि थापाको बुवा यग्य बहादुर थापाको नाममा जिल्ला रामेछाप दोरम्बा शैलुङ गाउँपालिका वडा नं. १ स्थितमा निम्नानुसारको जगगाको विवरण रहेको देखिएको:**

**<u>निम्न:-</u>**

| क्र.स. | कारोवार व्यहोरा | जिल्ला/गा.वि.स. /न.पा. | वार्ड नं./नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल/व.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०७६/०५/१९ | रामेछाप/फुलासी | ९/९ङ | ३१२ | १-१४-०-१/ ९५३.८० | मिति २०८२/०९/०३ को संशोधनबाट साविक शिवराम थापा कि.नं. ३१२ पुरै भई आएको |
| २. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४४७ | २-५-०-०/ ११७६.४६ | एकलौटी |
| ३. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | २८० | ०-९-२-१/ ३०४.०५ | एकलौटी |
| ४. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४६१ | ०-१४-१-१ | एकलौटी |
| ५. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४३९ | ३-०-०-० १५२६.२२ | एकलौटी |
| ६. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४४३ | १-१४-१-०.५ ९६२.८३ | एकलौटी |
| ७. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४४२ | १-९-२-१/ ८१२.७९ | एकलौटी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४६३ | १-७-०-२/ ७३५.२९ | एकलौटी |
| ९. | २०७३/०९/१२, १९१३ | रामेछाप/फुलासी | ९/९ङ | ४५७ | ०-९-३-३/ ३१५.९८ | एकलौटी |
| | | **जम्मा जग्गा क्षेत्रफल** | | | **६२८८.७० व.मी** | |

<u>सबुद/प्रमाणः</u>

**दशी प्रमाण तथा कसूरसँग सम्बन्धित चिजः**

**गवाहः-** जाहेरवालाः नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाडौंका लक्ष्मी प्रपन्न निरौला ।

**देखे/सुन्ने:-** बुझिएका मानिसः बिन्दा कुमारी खड्का, टीकाराम खड्का, यग्य बहादुर थापा, दिनेश थापा र कृष्ण हरि थापा।

<u>प्रस्तुत कागजातहरुः</u>

१. मिति २०७९/०७/२२ गतेको सर्वोच्च अदालत संयुक्त इजालसको फैसला पाना-७३ ।
२. मिति २०७२/०५/१० गतेको पुनरावेदन अदालत वाणिज्य इजलाश पाटन समक्ष पेश गरेको (मुद्दा नं. ०७२-CB-००१३) को अभियोग पत्र पाना-५१ ।
३. मिति २०८०/०१/०३ गतेको विशेष सरकारी वकिल कार्यालयको पत्र ।
४. मिति २०७२/४/२२ गतेको केदार प्रसाद गौतमसँग लिएको बयानको प्रतिलिपी पाना-२१।
५. मिति २०७२/४/३१ गतेको केदार प्रसाद गौतमसँग लिएको थप बयानको प्रतिलिपी पाना-४ ।
६. मिति २०७२/४/३१ गतेको बसन्त राई भन्ने सुर्य बहादुर लिम्बुको बयानको प्रतिलिपी पाना-९।
७. मिति २०८०/०२/०२ गतेको जिल्ला प्रहरी कार्यालय रामेछापलाई लेखेको पत्र ।
८. मिति २०८०/०२/०३ गतेको प्रहरी प्रतिवेदन र संलग्न कागजात पाना-१०।
९. मिति २०८०/०२/०३ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र ।
१०.मिति २०८०/०२/०३ गतेको उच्च अदालत, वाणिज्य इजलाश, पाटन ललितपुरलाई पक्राउ अनुमतीको लागी लेखेको पत्र पाना-२ र पक्राउ अनुमती ।
११.मिति २०८०/०२/०४ गतेको जिल्ला प्रशासन प्रहरी कार्यालय रामेछापलाई लेखेको पत्र ।
१२.मिति २०८०/०२/०४ गतेको विशेष सरकारी वकिल कार्यालय, माइतिघर, काठमाडौंलाई लेखेको प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाईएको पत्र ।
१३.मिति २०८०/०२/०९ गतेको विशेष सरकारी वकील कार्यालयलाई अनुसन्धान सम्बन्धमा लेखेको पत्र ।
१४.मिति २०८०।०२।२५ गतेको जि.प्र.का. रामेछापको सि.नं. ९७३ को संचार पत्र ।

१५.मिति २०८०/०२/३२ गतेको जि.प्र.का. रामेछापको क्रम संख्या १९ को संचार पत्र ।
१६.नेपाल राजपत्र पाना-२ ।
१७.मिति २०७४/१२/१९ गतेको नागरिकता किर्ते सम्बन्धी मुद्दाको अभियोपत्रको प्रतिलिपी पाना-७।
१८.मिति २०८०/०३/०१ गतेको विशेष सरकारी वकील कार्यालयलाई लेखिएको पत्र र अनुसन्धान प्रतिवेदन पाना-१० ।
१९.मिति २०८०/०३/०६ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघर, काठमाडौंको पत्र ।
२०.मिति २०८०/०४/१५ गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौंलाई लेखिएको पत्र ।
२१.मिति २०८०/०४/१८ गतेको नेपाल धितोपत्र बोर्डलाई लेखिएको पत्र ।
२२.मिति २०८०/०४/१८ गतेको भुमी व्यवस्थापन तथा अभिलेख विभागलाई लेखिएको पत्र ।
२३.मिति २०८०/०५/१७ गतेको विशेष सरकारी वकील कार्यालय, काठमाडौंको पत्र ।
२४.मिति २०८२/०२/२७ गतेको अनुसन्धान अधिकृत खटाईएको पत्र ।
२५.मिति २०८२/०३/१५ गतेको नेपाल धितोपत्र बोर्डलाई लेखेको पत्र पाना-६।
२६.मिति २०८२/०३/१५ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखेको पत्र ।
२७.मिति २०८२/०३/१५ गतेको भुमी व्यवस्थापन तथा अभिलेख विभागलाई लेखिएको पत्र ।
२८.मिति २०८२/०३/१५ गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौंलाई लेखिएको पत्र ।
२९.मिति २०८२/०३/२२ गतेको भुमी व्यवस्थापन तथा अभिलेख विभागको पत्र ।
३०.मिति २०८२/०३/१५ गतेको नेपाल प्रहरी प्रधान कार्यालय, लाजिम्पाट, काठमाडौंको पत्र ।
३१.मिति २०८२/०३/१५ गतेको नेपाल प्रहरी प्रधान कार्यालय, लाजिम्पाट, काठमाडौंको पत्र ।
३२.मिति २०८२/०३/२७ गतेको नेपाल धितोपत्र बोर्डको पत्र ।
३३.मिति २०८२/०३/३० गतेको सानिमा क्यापिटलको पत्र ।
३४.मिति २०८२/०४/०९ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र संलग्न कागजात पाना-१।
३५.मिति २०८२/०५/०९ गतेको जिल्ला प्रशासन कार्यालय, बाग्लुङलाई लेखेको पत्र ।
३६.मिति २०८२/०७/१९ गतेको इलाका प्रशासन कार्यालय, बुर्तिबाङको पत्र ।
३७.मिति २०८२/०५/०९ गतेको कृषि विकास बैंकलाई लेखेको पत्र ।
३८.मिति २०८२/०६/२१ गतेको कृषि विकास बैंक लि. को पत्र र संलग्न कागजात पाना-८ ।
३९.मिति २०८२/०७/१४ गतेको पुनः अनुसन्धान अधिकृत तोकिएको पत्र ।
४०.मिति २०८२/०८/०२ गतेको खटाईएको पत्र ।
४१.मिति २०८२/०७/२० गतेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई लेखेको पत्र ।
४२.मिति २०८२/०८/०५ गतेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संलग्न कागजात पाना-४४ ।

४३.मिति २०७६।०८।०९ गतेको श्री विशेष अदालत, काठमाडौंमा पेश गरेको आरोप पत्र पाना-२०।

४४.मिति २०८०।०६।२४ गतेको आरोपी तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमसँग लिएको बयान कागज पाना-९ ।

४५.मिति २०८०।०९।२५ गतेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई लेखेको पत्र र संलग्न कागजात पाना-२।

४६.मिति २०८०।०९।१६ गतेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्र पाना-१ ।

४७.मिति २०८०।१२।०४ गतेको जिल्ला प्रशासन कार्यालय, रामेछापको पत्र पाना-१।

४८.मिति २०८०।१२।०४ गतेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्र पाना-१ ।

४९.मिति २०८२।०८।०५ गतेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्र पाना-१ ।

५०.मिति २०८२/१२/०९ गतेको काठमाडौं जिल्ला अदालतलाई लेखेको पत्र ।

५१.मिति २०८२/१२/११ गतेको कृष्ण हरि थापाको घटना विवरण कागज पाना-२ र संलग्न कागज पाना-१ ।

५२.मिति २०८२/१२/१२ गतेको काठमाडौं जिल्ला अदालतको पत्र र फैसलाको प्रति पाना-६ ।

५३.मिति २०८२/१२/१५ गतेको मानिस फेला नपरेको प्रतिवेदन ।

**<u>थप कागजातहरु:-</u>**

५४. मिति २०८२/१२/१७ गतेको पुरक अनुसन्धान प्रतिवेदनको पत्र र पुरक अनुसन्धान प्रतिवेदन पाना-१२ ।

५५. मिति २०८३।०१।११ गतेको विशेष सरकारी वकील कार्यालय, काठमाडौंको पत्र पाना-१।

५६. मिति २०७२/०४/१९ गतेको गंगा अधिकारीले गरी दिएको घटना विवरण कागज पाना-३।

५७. मिति २०७२/०४/१७ गतेको प्रदिप मिश्रले गरी दिएको घटना विवरण कागज पाना- २ ।

५८. मिति २०७२/०४/१७ गतेको उद्दव रिजालले गरी दिएको घटना विवरण कागज पाना- ३ ।

५९. मिति २०८३/०४/०१ गतेको बिन्दा खड्काको घटना विवरण कागज पाना-२।

६०. मिति २०७२/०४/१९ गतेको शशी दाहालले गरी दिएको घटना विवरण कागज पाना-३ ।

६१. मिति २०७२/०४/१८ गतेको केशब प्रसाद प्रधानले गरी दिएको घटना विवरण कागज पाना-२।

६२. मिति २०७२/०४/१८ गतेको भुवनेश्वरी सेडाईले गरी दिएको घटना विवरण कागज पाना-३ ।

६३. मिति २०७२/०४/१८ गतेको लक्ष्मी दाहालले गरी दिएको घटना विवरण कागज पाना-३ ।

६४. मिति २०७२/०४/१८ गतेको भगवती अधिकारीले गरी दिएको घटना विवरण कागज पाना-३।

६५. मिति २०७२/०४/१८ गतेको दीपक थापाले गरी दिएको घटना विवरण कागज पाना-३ ।

६६. मिति २०७२/०४/१९ गतेको शकुन्तला शाहले गरी दिएको घटना विवरण कागज पाना -३।

६७. मिति २०७२/०४/१९ गतेको अन्जु थापा (मिश्र) ले गरी दिएको घटना विवरण कागज पाना-३।

६८. मिति २०७२/०४/२४ गतेको दिनेश प्रसाद उपाध्यायले गरी दिएको घटना विवरण कागज पाना-३ ।

६९. मिति २०७२/०५/०१ गतेको कृष्ण प्रसाद नेपालले गरी दिएको घटना विवरण कागज पाना-३।

७०. मिति २०७२/०५/०२ गतेको मुकुन्द प्रसाद शर्माले गरी दिएको घटना विवरण कागज पाना-३।

७१. मिति २०७२/०५/०२ गतेको बाशु अधिकारीले गरी दिएको घटना विवरण कागज पाना-३ ।

७२. मिति २०७२/०४/२४ गतेको चन्द्र चुडालले गरी दिएको घटना विवरण कागज पाना-२ ।

७३. मिति २०७२/०४/२४ गतेको कुमार ओझाले गरी दिएको घटना विवरण कागज पाना-२ ।

७४. मिति २०७२/०५/०२ गतेको अमिक श्रेष्ठले गरी दिएको घटना विवरण कागज पाना-२ ।

७५. मिति २०७२/०५/०२ गतेको दिपेन्द्र कुमार ऐरले गरी दिएको घटना विवरण कागज पाना-३।

७६. मिति २०७२/०५/०२ गतेको प्रकाश कर्णेलले गरी दिएको घटना विवरण कागज पाना-३ ।

७७. मिति २०७२/०५/०२ गतेको आनन्द रत्न तुलाधरले गरी दिएको घटना विवरण कागज पाना-३।

७८. मिति २०७२/०४/२० गतेको राम बहादुर थापाले गरी दिएको घटना विवरण कागज पाना-३।

७९. मिति २०७२/०५/०१ गतेको नरेश कुमार रोकाले गरी दिएको घटना विवरण कागज पाना-३।

८०. मिति २०७२/०४/१५ गतेको प्रतिवादी केदार प्रसाद गौतमले नेपाल नागरिकता र राहदानी ऐन अन्तर्गतको कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना -८ ।

८१. मिति २०७२/११/२८ गतेको प्रतिवादी सागर थापाले बैकिङ कसूरमा गरी दिएको वयान कागजको छाँयाप्रति पाना -७ ।

८२. मिति २०७२/०४/१३ गते प्रतिवादी गीता पन्तले बैकिङ कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना -१० ।

८३. मिति २०७२/०४/१३ गते प्रतिवादी जेनी श्रेष्ठले बैकिङ कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना -४ ।

८४. मिति २०७२/०४/३१ गते प्रतिवादी सम्झना पोखरेलले बैकिङ कसूरमा गरेको ततिम्बा बयान कागजको छाँयाप्रति पाना-३ ।

८५. मिति २०७२/०४/१३ गते प्रतिवादी सम्झना पोखरेल (गौतम) ले बैकिङ कसूरमा गरेको बयान कागजको छाँयाप्रति पाना-५ ।

८६. मिति २०७२/०५/०६ गते प्रतिवादी राम कुम्हारले बैकिङ कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना -४ ।

८७. मिति २०७२/०४/२९ गते प्रतिवादी बसन्त राई भन्ने सूर्य बहादुर लिम्बूले बैकिङ कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना -९ ।

८८. मिति २०७२/०४/२६ गते प्रतिवादी सुमन भुजेलले बैकिङ कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना -४ ।

८९. मिति २०७२/०४/३१ गते प्रतिवादी केदार प्रसाद गौतमले बैकिङ कसूरमा गरेको ततिम्बा बयानको छाँयाप्रति पाना -४ ।

९०. मिति २०७२/०४/२२ गते प्रतिवादी केदार प्रसाद गौतमले बैकिङ कसूरमा गरेको बयान कागजको छाँयाप्रति पाना-२१ ।

९१. मिति २०७२/०४/२६ गते प्रतिवादी भरत बहादुर बानियाले बैकिङ कसूरमा गरी दिएको बयानको छाँयाप्रति पाना-१६ ।

९२. मिति २०७२/०५/०६ गते प्रतिवादी सन्दिप गुप्ताले बैकिङ कसूरमा गरी दिएको बयान कागजको छाँयाप्रति पाना-५ ।

९३. मिति २०७२/०३/११ गतेको कृषि विकास बैंक लि. को च.नं.१०३ पत्रको छाँयाप्रति पाना-२।

९४. मिति २०७२/०३/११ गतेको नेपाल राष्ट्र बैंकको पत्रको छाँयाप्रति पाना-२ ।

९५. मिति २०७२/०३/१२ गतेको कृषि विकास बैंक लि. को च.नं.११४२ पत्रको छायाँप्रति पाना-२ ।

९६. मिति २०७२/०३/१४ गतेको कृषि विकास बैंक लि. को च.नं. १०७ पत्रको छायाँप्रति पाना-३।

९७. मिति २०८३/०१/२२ गतेको प्रहरी प्रतिवेदन पाना-२ ।

९८. मिति २०८३/०३/२४ गतेको विशेष सरकारी वकील कार्यालय, काठमाडौंको पत्र पाना-१।

९९. मिति २०८३/०३/२५ गतेको दोरम्बा शैलुङ गाँउपालिका, गाउँकार्यपालिका, रामेछापलाई लेखेको पत्र ।

१००.मिति २०८३/०४/०१ गतेको बिन्दाकुमारी खड्काले गरी दिएको घटना विवरण कागज र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पाना-३ ।

१०१.मिति २०८३/०४/०१ गतेको टिकाराम खड्काको घटना विवरण कागज र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पाना-३।

१०२.मिति २०८३/०४/०१ गतेको यग्य बहादुर थापाको घटना विवरण कागज र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पाना-३।

१०३.मिति २०८३/०४/०१ गतेको दिनेश थापाको घटना विवरण कागज र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पाना-३।

१०४.मिति २०८३/०३/२६ गतेको दोरम्बा शैलुङ गाँउपालिका, गाउँकार्यपालिकाको पत्रसाथ संलग्न दोरम्बा शैलुङ गाँउपालिका १ नं. वडा कार्यालयको पत्र पाना-१।

१०५.मिति २०८३/०३/२९ गतेको दोरम्बा शैलुङ गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालयको पत्र पाना-१।

१०६.मिति २०८३/०४/०४ गतेको भुमी प्रशासन कार्यालय, रामेछापलाई लेखेको पत्र ।

१०७.मिति २०८३/०४/०५ गतेको भुमी प्रशासन कार्यालय, रामेछापको पत्र र संलग्न कागजात पाना-४।

यसै अभियोग पत्रबाट कारबाही शुरु गर्न सादर अनुरोध गरिन्छ ।

**कार्यालयको छापः**

**सरकारी वकीलको**

दस्तखतः
नामः सुर बहादुर परियार
दर्जाः सहायक-न्यायाधिवक्ता
कार्यालयः विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

इति सम्बत् २०८३ साल साउन महिना २० गते रोज ४ शुभम् ..........................।